# ११

पोलेमोनसँगको फिलेमोनको सम्बन्ध एकाएक अन्त्य भयो। यस कुराले ओनेसिमसको आकांक्षा झन् कठीन तुल्यायो।

एफेससबाट दलबल आइपुगेका केही दिनपछि पोलेमोन कारोबारको विषयमा कुरा गर्न र संगठनहरूको बारेमा बुझ्न आए। फिलेमोनले उनी संगठनहरूमा सामेल हुन असमर्थ भएको कुरा खुलस्त पारिदिए। ख्रीष्टियान भएर उनीहरूका मोजहरूमा भाग लिन, मूर्तिहरूलाई चढ़ाइएका खानेकुरा खान र देवताहरूलाई बलि चढ़ाएर आफैलाई भाइबन्धुमा सुम्पिन उनी कसरी सक्थे? उनले पोलेमोनलाई प्रभु येशूको विषयमा बताए, तर यस कुरामा धनाढ्य महाजन साह्रै क्रोधित भए। तिनले एउटा धोकेबाजको अतिथि सत्कार मलाई चाहिँदैन भने र दिमाग खुस्केकोलाई कहीं कुनै औषधी छ कि भनेर लओडिसियाको चिकित्सा-शास्त्र पाठशालामा सोधिदिनेछु भन्दै तिनी फन्केर फटाफट घरबाट निस्के। तर तिनले फिलेमोनको ऊन किन्ने काम कायमै राखे; किनभने बेंसीमा त्यो ऊन नै सबभन्दा उत्तम थियो।

गरम फलदायी दिनहरूभरि नै फिलेमोन आफ्नो कटनीमा उपस्थित भए, अनि एपाफ्रास कलस्सेमा रहे। ओनेसिमस खला, दाखकोल, जैतुनघारीहरू र अर्खिपसको बीचमा कुदिरह्यो। तर अर्खिपसले आफ्नो सामर्थी जवान सँगीको सहचारिता अरू बेलाझैं चाहना गरे, तापनि तिनलाई अघि-अघिजस्तो उसको खाँचो थिएन। किनकि एक त तिनले बैशाखीमा हिँड्न सिकिसकेका थिए र स्वावलम्बी भएका थिए; अनि अर्को कुरा, तिनकी आमा र सानी पस्कासिया तिनको हर खाँचोमा साथ दिन हाजिर

हुन जोड्का तोड् गदर्थे। अझ तिनले यहूदीहरूका पवित्र शास्त्रहरू पढ्न शुरु गरिसकेका थिए र एउटा प्रचारकको रूपमा आफ्नो ठाउँ ओगट्न थालिसकेका थिए।

किनभने जब दिउँसो काम सकिएको हुन्थ्यो अनि साँझ परेको हुन्थ्यो, तब हरेक रात मानिसहरू लुसुक्क-लुसुक्क शहरबाट र खर्कहरूबाट आइपुग्न लाग्थे; अनि एउटा अनौठो खालको भीड् कक्षमा भेला हुन्थ्यो; बगाल र खर्कहरूको गन्धले गनाइरहेका भेड़ा गोठालाहरू र बाली काट्नेहरू, अनि थकित कमाराहरू, स्त्रीहरू र स-साना केटाकेटीहरू, साथै रवाफिला महाजनहरू र निर्वासित यहूदीहरूको एक जमात। यसको बीचमा दुई-तीनजना तीखा आँखा भएका रब्बीहरू थिए, जसले आ-आफ्ना काखीमनि मोशाको व्यवस्था र अरू चर्म-पत्रका पन्नाहरू च्यापिरहेका थिए। पहिले उनीहरूको निम्ति यी पुस्तकहरू बितेका मानिसहरूको पुरानो इतिहास र उहिले लेखिएका आदर गर्नुपर्ने वचनहरू मात्र हुन्थे। तर अब अचानक उनीहरूले चर्म-पत्रहरूको हरेक पन्नाबाट ख्रीष्ट चम्किरहनुभएको भेट्टाए। अहिले आएर हरेक रात घुँड़ा धसेर उनीहरूले यी पुराना शास्त्र अध्ययन गर्दै तिनमा उहाँको आगमनका चिन्हहरूको तलाश गर्दैथिए। जुन वचनहरू उनीहरूको निम्ति अघिसम्म विनाअर्थका थिए, ती वचनहरूमा अब उनीहरूले नयाँ, जीवित अर्थहरू पाए। दासहरू, मजदुरीहरू र आमाहरू निद्राले सताइएको हुनाले र एकैपल्ट धेरै सिक्न नसकेर छिट्टै सुत्न निस्कन्थे, तर फिलेमोन, एपाफ्रास र रब्बीहरू त कुनै-कुनै बेलामा ताराहरू मलिन हुँदासम्म अध्ययन गर्दैरहन्थे।

त्यस बखत कमै प्रतिरोध थियो। सबैजना नै बालीहरू भित्र्याउन लागेकाले साह्रै व्यस्त थिए। प्रभुमा आएका ती रब्बीहरू अशुद्ध मानिएका अन्य जातिहरूसँग हेलमेल गरेर एउटा विधर्म अपनाएका र सिकाएका हुनाले यहूदीहरूका सभाघरहरूबाट बहिष्कृत भएका थिए; तर तिनीहरूलाई यो कुनै ठूलो मतलब थिएन। किनकि ती अन्यजातिहरूप्रति तिनीहरू आकर्षित भएका थिए। शहरमा फिलेमोन साह्रै सम्मानित थिए, र उनलाई जे इच्छा लाग्थ्यो, सो गर्न उनलाई छोड़िएको थियो। तर अन्य शहरहरूबाट जहाँ एपाफ्रासले सुसमाचार प्रचार गरेर मण्डलीहरू

स्थापना गरेका थिए, त्यहाँबाट सतावट र मृत्युको त्रास फैलाउने खबरहरू आइपुगे।

शरदको सुनौलो घामको किरणमा दिउँसो एकदिन मजाले उनीहरू बस्दै गर्दा एपाफ्रासले फिलेमोनलाई भने: 'बालीनाली भण्डार भइसकेको छ। मेरो उत्तरतर्फको यात्रामा र हाम्रा दु:खकष्ट भोगिरहेका भाइहरूलाई उत्साह र हौसला दिन तपाईं मसँगै आउनुभएको म चाहन्छु।'

'अनि यस मण्डलीको रेखदेख कसले गर्छ नि?' भन्दै फिलेमोनले सोधे। विचार मग्न भएका एपाफ्रासका एकटक हेराइ अर्खिपसमा अड़ियो, जो पनि जाने तिनको लालसासँग संघर्ष गर्दै अलिक पर बसिरहेका थिए। 'मेरो विचारमा, अर्खिपसले रब्बीहरूको सहायता लिएर त्यस सेवकाइको जिम्मेवारी उठाउन सक्छन्,' उनले भने; 'तिमी जवानै छौ, तर प्रभुले तिमीलाई अधिक प्रकाश दिँदै हुनुहुन्छ।'

'म!?' वृद्ध जनका वचनहरूमा हर्षले रातोपिरो हुँदै अर्खिपसले हेरे; 'तर एपाफ्रासज्यू, अझ म थोरै मात्र जान्दछु।'

'पवित्र आत्माले तिमीलाई सबै कुरा सिकाउनुहुनेछ, र जे तिमीले सिकेका छौ, त्यो तिम्रो समझमा ल्याइदिनुहुनेछ,' एपाफ्रासले उद्धृत गरे; 'यी प्रभु येशूका आफ्नै वचनहरू हुन्, अनि तिमीसँग पवित्र शास्त्र छ। अब आफ्नो सेवकाइमा ध्यान देऊ!' अचम्मित केटालाई हेरेर उनी मुसुक्क हाँसे र फेरि फरक्क फिलेमोनतिर फर्के, अनि ओनेसिमसचाहिँ खानेकुरा टिपनटापन गर्दै आफ्ना कान तीखा पार्‍यो।

'हामी लओडिसिया भएर जानेछौं,' उनले भने; 'किनकि नेम्फासको घरमा भेला भइरहेका ख्रीष्टियानहरू प्राय: पुगीसरी भएका र आदरणीय छन्, र कुनै सहायताको खाँचो नभएको झैं देखिन्छन्। हिरापोलिसमा तिनीहरूले विश्वासमा बलियो गरी जरा गाड़ेका छन्। फिलाडेल्फियामा तिनीहरू स्थिर छन्। तर सार्डिसमा भएकाहरूलाई अशुद्ध हुने खतरा छ। त्यस शहरका सड़कहरूमा धनको खोला बग्दैछ, अनि त्यहाँका व्याप्त दुष्टता, व्यभिचार र शर्मका कुराहरू पत्याउन नसक्ने अति भएका छन्। तिनीहरूले आ-आफ्ना वस्त्ररूपी जीवन सेतो राखून् अर्थात् अशुद्ध नपारून् भनी म परमेश्वरसँग प्रार्थना गर्दछु। थिआटिरामा तिनीहरूलाई व्यापारिक संगठनहरूबाट बहिष्कार गरिएको छ र तिनीहरू अघोर गरिबीमा छन्। तर

पर्गामस र स्मर्नामा जहाँ सिजरको पूजा गरिन्छ, र नेरोको निम्ति बलिदान अनिवार्य छ, त्यहाँ उनीहरूले आफ्नो जीवन गुमाउनुपर्छ भन्ने दैनिक डर छ। हो, म त निस्कनैपर्छ। म भोलि बिहानीको प्रथम किरणमै अघि बढ्न चाहन्छु।'

तब भोलिपल्ट दुई प्राणी दास वा सहयोगी कोही नलिईकन, तर आफ्नो हातमा लौरा र आफ्नो काँधमा आफ्नो कुम्ला बोकीकन बेंसीहुँदो ओरालो झरे; अनि अप्फिया र अर्खिपसले घरको जिम्मा आफ्नो काँधमा लिए। त्यस बेलादेखि जुनसुकै मूल्य चुकाउन किन नपरोस्, उम्केर भाग्ने दिनको निम्ति योजना र समायोजना गर्न ओनेसिमसले शुरु गर्‍यो; अनि अचानक उसका हातमा भाग्य पल्टेर आयो।

पस्किासिया बाहिर चउरमा खेलिरहेकी थिई, झाड़ीहरूहुँदो कन्दमूल टिप्दैथिई। अनि कुनै विषालु रस आँखामा परेर उसले आफ्ना आँखाहरू माड़ेकी थिई। आफ्ना आँखा राता र डम्म बनाउँदै ऊ रुँदै आई, र साँझसम्म त देख्न सकेकी थिइन। अप्फिया अत्यन्त आत्तिएकी थिइन्।

'भोलि बिहान सखारै हेर्मेस लओडिसिया जानैपर्छ,' तिनले भनिन्; 'र लओडिसियाबाट आँखामा लगाउने मलम किन्नैपर्छ। ओनेसिमस, जाऊ, उसलाई बिहानै उज्यालो हुनु अघि नै बाटो लाग्न भनिदेऊ, र उसलाई पैसा देऊ!'

केही विचार गर्न ओनेसिमस घर–बाहिर टक्क अड़ियो। हेर्मेसलाई आक्रमण गरूँ, कि त्यसलाई लड़ाऊँ वा त्यसलाई बेहोश पारूँ कि भन्ने विचारहरू उसमा उठेका थिए; तर एक छिनपछि ऊ बलभन्दा बुद्धि ठूलो छ भन्ने निर्णयमा पुग्यो। ऊ हानिएर घरतिर हिँड़्यो, आफ्ना बहुमूल्य सिक्काहरूबाट थोरैभन्दा थोर मूल्यको लियो र हेर्मेसलाई बोलायो, जो तबेलाहरू सफा गर्न व्यस्त थियो।

'हेर्मेस,' सिक्का उचाल्दै उसले भन्न थाल्यो; 'हेर, भोलि तँलाई बिरामी पार्न म के दिँदैछु।' हेर्मेस ऊतिर आँखा तरेर हेर्‍यो, अनि त्यसको फतफते मुख खुला रह्यो, त्यसपछि त्यसले गौड़ गरेर त्यस सिक्कालाई हेर्‍यो।

'तैंले त्यो कहाँ भेट्टाइस् हँ?' त्यसले शङ्कालु हुँदै सोध्यो।

'तैंले धन्दै नमान्! मैले त्यो एफेससमा कमाएको हुँ। त्यसले तँलाई

झन् मोटो बनाउनलाई एक भाँड़ो मह खरिद गर्नेछ, हेर्मेस। तर भोलि लओडिसियामा जानलाई तँ नसक्ने गरी बिरामी बन्नुपर्छ नि; किनकि तेरो सट्टामा म जान चाहन्छु।' बूढ़ो मान्छेको मूर्खतामा अधीर बनेर चलमलाइरहेको यस केटालाई हेर्मेसले सन्देहपूर्वक हेर्‍यो। हेर्मेस मोटो र अल्छे थियो, र लओडिसियामा पठाइएको रुचाएन। यसबाहेक वर्षौंदेखि अझसम्म त्योसँग आफ्नो एक तोड़ा पनि थिएन। तर कसरी बिरामी बन्ने, सो त्यसलाई थाहै थिएन; किनभने त्यो आफ्नो जीवन-कालमा कहिल्यै बिरामी भएको थिएन।

'चिच्च्या, हेर्मेस,' ओनेसिमसले सिकाएर कर गर्‍यो; 'वान्ता गर्; तैंले चाहिने भन्दा धेरै खाएछु भन् र तैंले सके जति ठूलो स्वरमा ऐया-आत्था गर्! तिनीहरू सबैले त्यो पत्याइहाल्छन्। तिनीहरूले वास्तविक कुरा पत्तो लगाउन्जेल म त डाँड़ा उँधो आधा बाटो गइसकेको हुनेछु।'

'अनि मचाहिँ चुटिनेछु,' हेर्मेसले गनगन गर्‍यो। तर त्यो सिक्काको दृश्य यति आकर्षक र बीस माइल हिँड़ाइको परिदृश्य यति अनाकर्षक थियो कि अरू धेरै टन्टा नउप्काईकन त्यो यस योजनामा सहमत भयो। यसबाहेक त्यसले अचानक सम्झियो - फिलेमोन टाढ़ा भएका थिए र अप्फियालाई पिटाइ दिनु मन पर्दैनथ्यो।

ओनेसिमसले अरू मौकाहरूको निम्ति पर्खिबस्न चाहेन। यसैले घाम उदाउनुभन्दा निक्कै अगाड़ि अँध्यारोहुँदो ऊ हिँड़्यो, जति बेला घरकाहरू सबै अझै सुतिरहेका थिए। राति हेर्मेस साह्रै बिरामी भएको थियो भन्ने खबर समेत नगरीकन ओनेसिमस गइसकेको थियो। ऊ आफ्नो भाग्यमा मग्न भएको थियो। ऊ पहिलो फाँटको डिलबाट तलतिर झर्‍यो, र फार्म उसको दृश्यबाट अलप भयो। अब ऊ सुरक्षित थियो। कसैले उसलाई अब रोक्दैनथ्यो। बौलाएको ठिटोले झै उसले गीत गायो; किनकि ऊ पूरै दिनभरि नै स्वतन्त्र थियो। अनि के ऊ खोचका ढेडनकी नानीलाई भेट्न गइरहेको थिएन र? आफ्नो उत्कर्षमा उसले कहिल्यै असफल हुँला अथवा आइरीन्‌जस्ती खूब हेरचाहमा हुर्किएकी, उच्च कुलीन सानी केटीसँग एउटा दास बोल्ने मौका नपाउला भन्ने सम्भावना समेत विचारै गरेन। आज कुनै कुराले असफल बनाउन सक्दैन।

उसले तल्लो समथर पार गर्दा सूर्य उदायो, तर उग्र गर्मीको याम समाप्त भएको थियो, अनि घामका किरणहरूले उसलाई न्यानो बनाए साथै रोमान्चित पनि तुल्याए। उसको चारैतिर सुन र चाँदीका रङहरू थिए – गाढ़ा सुनौला पीपल र ओखरका रूखहरू, अनि फिक्का सुनौला अन्नबालीका खाली बारीहरू जो झुस्स परेका थिए र जसमा काटेका अन्नका डाँठहरू सुनौला देखा परेका थिए र जसको माटो पाकेको थियो; साथै फल टिपिसकेका चाँदनी जैतुनका रूखहरू र सूर्यका किरणमा चाँदीझैं टल्किरहेको खोला, जो ऊभन्दा तलतिर बगिरहेको थियो। बाटोको दूरी छिट्टै कम हुँदै गएको लाग्दथ्यो। अनि जब ऊ लओडिसियाका द्वारहरूमा आइपुग्यो, र त्यसका पर्खालबाट भित्र पस्यो, तब अझ ताजा बिहानी थियो। यो त झण्डै एफेससजतिकै ठूलो, प्रतापी शहर थियो।

अनि साँच्चै लओडिसिया एउटा सुन्दर शहर थियो। चालीस वर्षअघि एउटा भुइँचालोले तहसनहस भएपछि यो फराकिला सड़कहरू, तीनटा नयाँ रङ्गशालाहरू र एउटा व्यायाम–शालासित आधुनिक ढाँचाकाँचामा निर्माण गरिएको थियो। यो नै एशिया माइनरका सम्पूर्ण बैंक–सम्बन्धी कारोबार व्यवस्थापनहरूको मुटु थियो, र असाध्यै धनाढ्य थियो; किनभने यो ऊन उद्योगको केन्द्र पनि थियो, अनि लओडिसियाका कारखानाहरूमा बुनिएका कपड़ाहरू र वस्त्रहरू सारा साम्राज्यभरि नै निर्यात हुन्थे।

ओनेसिमस सीधै औषधी–निर्माताकहाँ गयो, जो विशाल चिकित्सा–शास्त्र अध्ययन–केन्द्रको ओझेलमा बस्दथे र टिफ्रा–फ्रिगिया नामक लओडिसियाको विश्वप्रसिद्ध आँखाको पाउडरको एक बाकास किन्यो। उसको काम पूरा भएपछि ऊ आइरीन्को घर भेट्टाउन निस्कियो।

यो काम त्यति कठीन थिएन। कपड़ा कारखानाका ऊन कात्नेहरू सबैले पोलेमोनलाई चिन्दथे, र एकजनाले माथि डाँड़ामा हिरापोलिसको प्रवेशद्वारनेर अवस्थित उनको विशाल सङ्गमर्मरको निवासतिर औंलाले देखायो। जब ऊ बाहिरी परिसरमा पुग्यो र एउटा बगैंचाले घेरिएको सुन्दर भवन देख्यो, तब मात्रै तिनीकहाँ कहिल्यै पुग्न सक्दिनँ भन्ने कुरा उसमाथि छायो, र ऊ कति मूर्ख भएको रहेछ भन्ने कुरा थाहा गर्न लाग्यो।

तर उसले तिनलाई नभेटेर छोड्दैनथ्यो, अहँ, छोड्नुहुँदैनथ्यो। ऊ त्यस घरको छेउमा मात्रै पुग्न सकेको भए। तब एउटा दृढ़ विचार उसमा

उब्जियो, र आफ्नो टाउको ठाड़ो पार्दै ऊ सरासर मूल-ढोकातर्फ अघि बढ्यो। 'कलस्सेका श्रीमान् फिलेमोनको तर्फबाट लओडिसियाका श्रीमान् पोलेमोनलाई अभिवादन!' भन्दै उसले दृढ़ आवाजमा मूल-ढोकानेर पाले बस्ने दासलाई घोषणा गर्‍यो; 'र उहाँकहाँ ऊनको अर्को भारी चाँड़ै पठाइनेछ भन्ने जानकारी दिइमाग्नुभएको छ। उहाँको स्वास्थ्य अनि उहाँकी छोरी मैयाँ-साहेब आइरीन्को स्वास्थ्यको खबर पनि उहाँ पाउनुहुन्थ्यो होला।'

'उहाँलाई बताइदेऊ,' दासले भन्यो; 'बैजनी रङ्ग किन्न मालिक पोलेमोन थिआटिरामा सवार हुनुभएको छ, तर उहाँ दुई दिन जतिमा फर्कनुहुनेछ। उहाँ र उहाँकी छोरी दुवै सम्वृद्धि र सुस्वास्थ्यमा हुनुहुन्छ।'

ठीक छ, अब फरक्क फर्कनु र गइहाल्नुबाहेक गर्नुपर्ने अरू केही पनि थिएन। तर पोलेमोन घरमा नभएपछि त उसले यहाँ केही समय बिताउन सक्थ्यो। त्यस विशाल भवनतिर पछाड़ि फर्केर हेर्दै ऊ बिस्तारै मूल-ढोकातिर लरखरायो; त्यसपछि जब उसले बगैंचातर्फ पुलुक्क हेर्‍यो, तब अचानक उसले तिनलाई किम्बुको बोटमनि भुइँमा निहुरेर किम्बु बटुल्दै गरेकी देख्यो।

पहिलेजस्तै तिनले उसलाई देख्नु अघि उसले एक मिनेटसम्म तिनलाई नियालेर हेर्‍यो अनि तिनी अलि-अलि फरक भएछिन् भन्ने उसले देख्यो। तिनी अझै पातली नै थिइन्, तैपनि तिनी अलिक अग्ली भएकी जस्तो उसलाई लाग्यो, र तिनको कालो कपाल अहिले पनि सर्लक्क तिनको मुहार र कुम-कुमबाट तल खसेको थियो। तर तिनी गम्भीर र एक्लै भएकी देखा परिन्। अनि जब तिनी एउटा ठूलो बटारिएको हाँगा समात्न लम्किन्, तब तिनी अचम्म प्रकारले सानी र सुकोमल देखा परिन्। उसको सम्पूर्ण लाज ऊदेखि हट्यो। अलिकति पनि होशियार नभई ऊ आँगन भएर वेगसित तिनीकहाँ कुद्यो।

तिनले आँखा उठाएर पुलुक्क हेरिन्, अनि तिनको सारा गम्भीरता हटेर गयो। तिनले झट्टै उसलाई चिनिहालिन् र तिनको मुहार हर्षको मृदु मुस्कानमा खुम्चियो।

'आइरीन् मैया, के तिमीले मलाई बिर्सेकी छैनौ?' उसले तिनलाई सोध्यो।

तिनले कसरी उसलाई बिर्सन सक्थिन् होला र? तिनको नितान्त एकनासे एक्लो सानो जीवनमा उसले अघि कहिल्यै नगरेको एउटा र एकमात्र अनुभवको नायक उही भएको थिएन र? तिनकी आमाको मृत्युदेखि उसो सारा दिनहरू सबै उस्तै भएका थिए: जस्तै खाना खाने, पाठ गर्ने, बेलबुट्टा काल्ने काम गर्ने र पूर्ण देखरेखको साथ हिँड्न पाइने अथवा बगैंचामा एक घण्टा खेल्ने नियमित समयहरू। तर राति जब तिनी आफ्नो ओछ्यानमा पल्टिरहन्थिन्, अनि आफ्नो सज्जन सुसारेलाई शिष्टपूर्वक शुभरात्री भनिसकेपछि र तिनका बुवालाई तिनी के भन्न चाहन्थिन्, सो भनिसकेपछि तिनका विचारहरू फेरि उड़ेर कलस्सेका खोचहरूतिर उड्दथे, अनि अर्ध-निद्रा र अर्ध-जागोमा तिनी यस केटासँग उकालो उक्लँदै जान्थिन्, त्यहाँसम्म, जहाँ अशोचनीय सौन्दर्यता भएका फूलहरूले खोलाहरूतर्फ आफ्ना शिर लच्काएका थिए। कहिलेकहीं बाटो तिनको निम्ति साह्रै ठाड़ो हुन्थ्यो अथवा ढुङ्गाहरू साह्रै अग्ला हुन्थे; तब यस केटाले तिनलाई आफ्नो हात दिन्थ्यो र तिनलाई साहयता गर्थ्यो; अनि अगाड़ि जाँदा भेट्टाएको ठाउँ झन् सुन्दर हुन्थ्यो। उनीहरू कहिल्यै टाकुरामा पुगेनन्, तिनको आफ्नो सपनाहरूमा समेत; तर एकदिन उनीहरू सँगै पहाड़को अर्को पट्टि हेर्नेछन्। यसकारण तिनले अध्ययन गर्थिन्, तिनलाई जे अह्राइन्थ्यो, त्यो गर्थिन् र तिनले जहाँ बस्नुपर्थ्यो, त्यहाँ बस्थिन्, यसैले सबैले तिनलाई एउटा आज्ञाकारी सानी मालिकनीको संज्ञा दिन्थे। तर तिनको आत्मा अर्को मुलुकमा बस्दथ्यो, जहाँ खोलाहरू चिसा हुन्थे, चट्टानहरू अग्ला-अग्ला हुन्थे र हिउँ धेरै टाढ़ा थिएन, अनि यो केटा जो सदैव तिनकै साथमा थियो, ऊबाहेक कसैले पनि कहिल्यै त्यहाँसम्म तिनको पिछा गरेको थिएन।

अनि यहाँ उही केटा नै थियो, तर तिनी सपना देखिरहेकी थिइनन्। ऊ अझ अग्लो र पातलो थियो। उसको अनुहार अलिक अरू खाँदिएको, तर खासै परिवर्तन नभएको थियो। उसले आफ्ना आँखाले तिनलाई जुन पाराले त्यस अनुभवको रमाइलो झल्कोमा हेर्दाथियो, ठीक त्यसरी नै तिनलाई अहिले पनि हेरिरहेको थियो। ऊ एउटा दास थियो, तिनको निम्ति यस कुराले केही मतलब राखेन। तर अरू मानिसहरू तिनको जस्तै

भावनाहरू राख्दैनथे भन्ने तिनलाई थाहा थियो र भयभीत मुद्रामा तिनले घरतिर हेरिन्।

'साग-बारीमा आऊ!' तिनले जसरी खोचमा उसलाई हातमा लिएकी थिइन्, ठीक त्यसै गरी उसको हात लिँदै तिनले झटपट भनिन्: 'यहाँ तल यी राइसल्ला रूखहरूको पछिल्तिर कसैले हामीलाई देख्न सक्दैन। अनि मेरी सुसारे आइन् भने तिमी झाड़ीहरूमा पस्न सक्छौ।'

मीठो सुगन्ध आइरहेका बुटा र पोथ्राहरूको बीचमा उनीहरू सँगसँगै भुइँमा बसे, जहाँ घाम चिरिक्क चर्किएको र सुनौला थियो अनि माहुरीहरू झाड़ीमा आउ-जाउ गर्दै भुनभुनाउँथे, अनि उनीहरू एक-अर्कामा मग्न भएर उमङ्गले मुस्कुराए। 'के तिमीलाई त्यस गहिरो तलाउको सम्झना छ, जहाँ तिमीले मलाई भेट्टायौ?' यो कुरा हिजै मात्र भएझैं तिनले सोधिन्; 'अनि मेरी सुसारे कसरी सन्किएकी थिई, के तिमीलाई सम्झना छ? मेरा बुवाले उसलाई अवकाश दिएर पठाइदिनुभो; किनभने उसले मलाई हराउने गरी छोड़िदिई, र म मक्ख परें; किनभने उसले मलाई कहिल्यै दयाको व्यवहार गर्दिनथी। अहिले मेरी अर्की सुरारे छे, अनि ऊ साह्है असल छे। म के गर्छु, ऊ त्यसमा त्यति चासो राख्दिन; मैले मेरा पाठहरू सिद्धयाउनुपर्छ र यस बगैंचामा बस्नुपर्छ।'

'मैले त तिमी फेरि कलस्से आउँछ्यौ होला भन्ने आशा गरेको थिएँ,' ओनेसिमसले भन्यो; 'र हामी खोचका डाँड़ातिर फुत्त उम्कन पाउँथ्यौं होला। के तिमीलाई थाहा छ, तिम्रो त्यस नोकरले मलाई कस्तो हिर्काएको थियो? त्यो त खासा भयो झन्।'

'हामी फेरि आउनेछैनौं,' अचानक कालोनीलो र भावुक बन्दै आइरीन्ले भनिन्; 'मेरा बुवाले आखिरी पल्ट त्यहाँ जानुहुँदा मलाई लानुभएन; किनभने म भागेको थिएँ र साँच्चै उहाँ साह्है रिसाएर फर्कनुभएको थियो। उहाँ भन्नुहुन्थ्यो, तिम्रा मालिक ख्रीष्टियान भएका छन् रे, अनि उहाँको विचारमा, उनले पक्कै आफ्नो होश गुमाएका रहेछन्। मैले यस विषयमा उहाँको प्रमुख ऊन काल्ने मोलास्सोसज्यूलाई भनिरहेका सुनेकी। ओनेसिमस, के तिमी ख्रीष्टियान बन्यौ? के तिमीहरू सबै नै ख्रीष्टियान हौ?'

'म त होइनँ,' ओनेसिमसले भन्यो; 'मलाई यससँग कुनै सरोकार छैन। यो त मलाई एउटा सस्तो खालको धर्मजस्तो लाग्छ। तिम्रा शत्रुहरूलाई क्षमा दिनु र आफ्नो भाग्यमा सन्तुष्ट रहनु। म त लड़ाइँ गर्न र खराबीको बदला लिन चाहन्छु, अनि म पैसा जम्मा गर्न चाहन्छु र एउटा स्वतन्त्र मानिस बन्नेछु, जब म प्रौढ़ हुन्छु।'

उसका नयनहरू चम्किरहेका थिए, अनि तिनले अकमक्क पर्दै उसलाई हेरिन्। तब तिनले धक मान्दै भनिन्: 'तर यस शिक्षाले मानिसहरूलाई साह्है दयालु बनाउँछ। मेरा बुवालाई थाहा छैन, तर हाम्रो एकजना बूढ़ो भेड़ा गोठालो छ; ऊ एक ख्रीष्टियान हो। ऊ नेम्फासको घरमा भेला हुने मानिसहरूसँग आराधना गर्छ। ऊ र उसकी पत्नी सिरियाको प्रवेशद्वारबाट त्यति टाढ़ा होइन, त्यहाँ एउटा कटेरामा बस्छन्, जहाँ खर्कहरू खोलातिर भिरालो परेका छन् र उसले मेरा बुवाको बगाल चराउँछ। कहिलेकहीं क्लाउडिया मेरी दासीसँग हिँड्दै जाँदा हामी त्यहाँ जान्छौं। क्लाउडिया दोकानहरू हेर्न रुचाउँछे; यसकारण उसले मलाई बूढ़ाबूढ़ी युफ्रोन र एन्टोनियासँग कटेरामा छोड़िदिन्छे। तिनीहरू अरू मानिसभन्दा फरक छन्; तिनीहरू साह्है दलालु छन्। अनि एन्टोनियाले उनीहरूका परमेश्वर येशू ख्रीष्टको बारेमा गाथाहरू सुनाउँछिन्। कसरी उनले एउटा घिनलाग्दो कोरीलाई छोएर त्यसलाई निको पारे अनि एउटी सानी मरेकी केटीलाई हातले उठाएर त्यो जीवित भई र नानीहरूलाई आफूकहाँ बोलाए, जब कि अरू सबले तिनीहरूलाई गइहालून् भन्ने चाहन्थे।'

'आइरीन्,' जिस्क्याएझैं ओनेसिमस बोल्यो; 'मलाई लाग्छ, तिमी आफै झण्डै एउटी ख्रीष्टियान भएछ्यौ।'

'हो..इ..न,' आइरीन्ले बिस्तारै भनिन्; 'मेरा बुवाले मलाई ख्रीष्ट्यान हुन दिनुहुन्न। मैले यस विषयमा एक शब्द मात्र बोलें भने पनि उहाँ रिसाउनुहुन्छ। तर जब म यी प्रभु येशूको विषयमा सुन्छु, तब मलाई कहिलेकहीं के लाग्छ भने: म उहाँलाई प्रेम गर्छु। के आर्टेमिस, साइबेली अथवा हाम्रा सुस्वास्थ्यको देवता एस्क्लेपियसले कहिल्यै नानीहरूलाई मकहाँ आउन देओ भनेका छन् र? मलाई लाग्छ, प्रभु येशूले मात्र यसो भन्दछन्।'

तिनले बोल्दै गर्दा आफ्ना गालाहरूबाट तिनका चहकिला रङ्ग बहेका थिए; किनकि यी भावनाहरू तिनले अरू कसैसँग पनि कहिल्यै पोखेकी थिइनन्, र ओनेसिमसलाई थाहा थियो, तिनी उसलाई आफ्नो भित्री एकाकी हृदय खोलिरहेकी थिइन्। चलहल गर्ने वा बोल्ने कुनै साहस नगरीकन ऊ एकदम शान्त बस्यो, नत्र ता उसले यो सत्यता र सिद्ध ज्ञान छाएको स्वच्छ क्षणलाई छताछुल्ल पारेर गुमाउनुपर्ला। यो क्षण रह्यो भने शायद उसले पनि तिनीसँग आफ्नो हृदयका सब कुराहरू खोलिदेला।

'आइरीन् मैयाँ! आइरीन् मैयाँ!' तिनी फुत्रुक्क उफ्रिन् र झाड़ीतिर वरिपरि चियाएर हेरिन्, अनि तल बसिन्। त्यसपछि तिनी ऊतिर फर्केर भनिन्: 'ठीक छ; क्लाउडिया अर्को बाटो हिड्दैछे। ऊ यहाँ आउँदिन, तर म जानैपर्छ। म घरमा नपुगुन्जेल पर्ख र त्यसपछि ती राइसल्लाका रूखहरूको पछाड़िबाट दौड़; तिमी एकदम सजिलै सुत्त निस्कन सकिहाल्छौ।'

त्यसपछि तिनी अनकनाइन्। तिनले कसरी त्यस केटालाई बिदा दिने? ऊ त सदा तिनको मुलुकको भीरपहराको टाकुरामा आसीन थियो। अचानक एउटा रमाइलो सम्झनाको ज्योति तिनको मुहारमा छायो। 'हामी फेरि भेट्नेछौं,' तिनले भनिन्; 'के तिमीलाई याद छ? गत भेटमा पनि हामीले त्यसो भनेका थियौं, र हामीले भेटेका छौं।'

'निश्चय नै म सम्झन्छु,' ओनेसिमसले जवाफ दियो; 'कसरी म यो कुरा भुल्न सक्थें र? हे भगवान, तिम्री सुसारे रन्किँदैथिई, होइन र?'

उनीहरू दुवैजना हाँसे। तिनले कपाल पछाड़ि फड्कारिन् र आँगनहुँदो दौड्न फरक्क फर्किन्। 'शान्ति, शान्ति, सानी मैयाँ आइरीन्,' भन्दै तिनको पछाड़ि उसले नरम स्वरमा भन्यो; 'एकदिन हामी अवश्य नै फेरि भेट्नेछौं।'

# १२

एपाफ्रास र फिलेमोन पूरा आनन्द र प्रशंसासाथ आफ्नो यात्राबाट फर्केको बेला हिउँदको उत्तरार्ध भइसकेको थियो। अनि उनीहरूले सकेसम्म छिट्टै फेरि यात्रा गरेर जहाँ–जहाँ प्रभु येशूको नाम लिइएको छैन, त्यहाँ ख्रीष्टको प्रचार गर्ने लालसा बोकेका थिए। तर अर्खिपस र यी रब्बीहरू सानो मण्डलीलाई एकसाथ राखे तापनि तिनीहरू सबैले यी दुईजना, ख्रीष्टमा तिनीहरूका आत्मिक बाबुहरूलाई साह्रै आशा गरेका थिए। अनि साँच्ची नै हिउँदभरि धेरै–धेरै जना जीवित परमेश्वरको सेवा गर्नको निम्ति मूर्तिहरूबाट फर्के। ठूला–ठूला घरानाहरूमा दासहरूमध्ये धेरैले आ–आफ्ना मालिकहरूको विश्वास अपनाए, र तिनीहरूमध्ये थिइन् ओनेसिमसकी आमा।

दासतामा जन्मेकाले तिनी पूर्ण रूपले शरीर, मन र आत्मासित अप्फियाकै अधिकारमा रहन सन्तुष्ट थिइन्। यस जीवनले तिनीसँग रूखो व्यवहार गरेको थियो; किनकि बाबुआमा भँग्याहा मालिकको क्रूर व्यवहारको अधीनमा थिए, जुन घरानामा कोर्राहरू र डामको चिन्ह दिनदिनका हिस्सा थिए। अनि तिनी सानी केटी भएको बेलामा तिनले एउटा भगुवा दासलाई क्रूसको दण्ड दिएको देखेकी थिइन्। भोकमरी र कुव्यवहारले गर्दा तिनले आफ्ना अघिल्ला तीनजना सन्तान गुमाएकी थिइन्, र कोर्रा खाएको कारण तिनका प्रिय पतिको निधन भएका थिए। तर जीवनको लामो यात्राको अन्तमा तिनी एउटी दयालु मालिकनीकहाँ पुगेकी

थिइन्, र यस शान्तिको नव पथमा उनका पाइलामा टेकेर पछि लाग्न तिनी तम्तयार भएकी थिइन्। यसले तिनको व्यवहारमा त्यति फरक त पारेन; किनभने तिनलाई आवश्यक आज्ञाकारिता र अधीनतामा बस्ने कुरा तिनले धेरै अघि नै सिकिसकेकी थिइन्। तर यसले तिनको मनमा ठूलो फरक, ठूलो शान्ति ल्यायो; किनकि यसले तिनबाट मृत्युको भयङ्कर त्रास र अनिश्चित भविष्यको डर पूरा हटाइदियो। *'मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।'* धर्मबाट नेरिस्साले यही खोजेकी थिइन्, र ख्रीष्टमा यो भेट्टाइन्।

तर बसन्तका प्रथम छटाहरूको साथमा अर्थात् जब टार्ससका भूखण्डमा हिउँ पग्लियो र भन्ज्याङ्गहरू फेरि खोलिए अनि संसारको सीमारेखा विस्तारित हुँदै गयो, तब एफेससका एल्डरहरूबाट मण्डली-मण्लडीलाई अभिवादन गरेको र पावलको समाचार समाविष्ट एउटा पत्र आइपुग्यो। सिरियातर्फ सामुद्री यात्रा गरेर पेन्टेकोष्टको चाड्मा यरूशलेममा रहने मनसाय लिएर उनी माथि ग्रीसबाट म्यासिडोनियातर्फ गर्दैथिए, र एफेससमा भएका उनका प्रिय मित्रहरूलाई उनले एउटा सन्देश पठाएका थिए। एफेससबाट करिब बीस माइल जति पर उनको जहाज मिलेटसमा अड्नेवाला थियो। के उनीहरू त्यहाँ आएर उनलाई भेट्न सक्थे कि?

आफ्ना घरानालाई फिलेमोनले ठूलो स्वरमा पत्र पढ़ेर सुनाए, र आखिरमा उनको अघिल्तिर चिन्ता-ग्रस्त हुँदै घुँड़ा टेकेर बसिरहेका अर्खिपसतिर हेरे।

'बुवा, तपाईं मलाई लैजानुहुन्छ, होइन त? अझ समय छँदैछ। के तपाईंलाई सम्झना छैन, तपाईं उहाँले आफ्ना हातहरू ममाथि राख्नुभएको र मलाई निको पार्नुभएको होस् भनी कति धेरै आश गर्नुभएको थियो? यरूशलेममा येशूको नाममा पत्रुस र यूहन्नाद्वारा जन्मैदेखिको लङ्गड़ो मानिस निको पारिएको थियो, अनि लिस्त्रामा पावलका हातहरूद्वारा अर्को मानिस पनि निको पारियो; तब मचाहिँ किन निको नहुनु, बुवा? तिनीहरूको निम्ति यो नाम यति शक्तिशाली थियो भने के यो नाम मेरो निम्ति उत्तिकै शक्तिशाली होइन र? हे बुवा, हामी तत्कालै फटाफट बाटो लागौं, नत्र ता हामी ढिलो होऔंला।'

'हामी सबैजना जाऔं,' अफ्फिया भनिन्; 'हिउँद बितेपछि त पस्कासिया पहेंली देखा परेकी छिन्, अनि सामुद्री हावाले तिनलाई राम्रो गर्ला, र म ती महान् प्रेरितलाई हेर्न पाए गद्गद हुनेथिएँ। तपाईंले पहिले गर्नुभएजस्तै तपाईं भेड़ा पालन र चैते खेतीको काम कार्यवाहक ग्लाउकसलाई छोड्न सक्नुहुन्छ। ऊ भरोसायोग्य र होशियार देखिन्छ। ऊ पनि ख्रीष्टमा फर्केको छ; यसैले हामी उसलाई एउटा भाइको रूपमा लिन सक्छौं।'

फिलेमोन हिचकिचाए। उनका प्रिय छोरा जसले अघोर दर्दनाक पारामा एउटा बैशाखीमा आफैलाई यताउता घिर्साथे, के तिनी फेरि कहिल्यै अघिल्ला वर्षहरूमा झैं एक गौरवशाली, शानदार व्यक्ति बन्न सक्थे, सो विश्वास गर्न उनलाई साह्रै कठीन भयो; अनि उनले आफ्नै विश्वासको कमीको विरोधमा संघर्ष गरे। निश्चय नै परमेश्वरमा सब कुरा सम्भव छ, अनि जे कुरा लिस्त्रामा भएको थियो, त्यो मिलेटसमा किन नहुने? अर्खिपसको चङ्गाइ प्राप्त गर्नलाई उनी पृथ्वीको आखिरी छेउसम्म जानेथिए होला, तर तिनको आशामा पानी फेर्‍यो भने नि के होला? किनकि एफेससमा थुप्रै लङ्गड़ाहरू रहेछन्।

'बुवा, बुवा,' अर्खिपसले विन्ती गरे; 'हामी झट्टै तयार होऔं; उहाँ छिटो यात्रा गरेर अघि बढ्नुहुन्छ होला, अनि हामी ढिलो हुनुहुँदैन।'

त्यसकारण उनीहरू तयार भए र चार दिनपछि बाटो लागे। अर्खिपसलाई आफ्नो रोमाञ्च नियान्त्रणमा राख्न गाह्रो भयो। तिनलाई दु:ख लाग्यो, ओनेसिमसकी आमा अफ्फिया र पस्कासियाको सेवामा हाजिर हुन साथमा गइन्; यसो भए पनि ऊचाहिँ त्यस दलको बिदाइमा सामेल भएन।

'हामी छिट्टै फर्कनेछौं,' तिनले ओनेसिमसलाई बिदाइको अभिवादन गर्दै भने; 'तिमी पनि आएको भए हुन्थ्यो भन्ने म चाहन्थें, तर तिमी खेतीपातीकै निम्ति अति आवश्यक छौ। सोच न, म शायद तिमीजत्तिकै सीधामा सीधा भएर फर्किआउँला; तब मेरा बुवा फेरि उत्तरी मण्डलीहरूको यात्रा गर्नुहुँदा म पनि जानेछु। तिमी किन यस्तो हेरिरहेको, ओनेसिमस? प्रभु येशू यस धरतीमा हिँड्नुभएको बेलामा झैं के ख्रीष्टको सामर्थ्य जस्तोको

त्यस्तै छैन र ? के उहाँकहाँ जाने कोही व्यर्थमा गएको छ र ? ओनेसिमस, म निको पारिएँ भने के तिमी येशू ख्रीष्टमाथि विश्वास गर्छौ ?'

तर त्यस दासले केही प्रतिज्ञा गरेन। एफेससमा ताजुबलाग्दा घटनाहरू घटेका थिए, अनि अर्खिपस पनि निको हुनु सम्भव थियो। उसलाई पनि आफ्नो इच्छा विपरीत आफ्नो दिमागमा विश्वास गर्न बाध्यमा पार्न सकिन्थ्यो होला, तर ऊ कहिल्यै मन फर्काएर आफैलाई यस ख्रीष्टका मागहरूमा समर्पण गर्नेथिएन। मूल्य साह्है चर्को थियो।

कामको जिम्मा लिने अधिकारी एक वृद्ध विश्वासयोग्य दास थियो, जसले भर्खरै मात्र ख्रीष्टियान भएको थियो। ऊ एक निपुण कृषक थियो र हर चीज राम्रो मेसोले राख्थ्यो। तर दासहरूसँग व्यवहार गर्ने फिलेमोनको खूबी र अनुभव उसमा थिएन, अनि ओनेसिमसप्रति ऊ जहिले पनि डाही थियो। अहिले त त्यो केटा पूर्ण रूपमा उसको अधीनमा पाएर उसले बिहान सबेरैदेखि साँझ अबेरसम्म उसले थकावटको कुनै लक्षण देखायो भने नरकको आगोको चेताउनी दिँदै उसलाई जोत्यो र पेल्यो। विस्तारै उनीहरूको बीचमा तीतो शत्रुता विकसित भयो, त्यो चल्दै गयो र झन् भयङ्कर भयो। अधिकारीपट्टिबाट यसको प्रतिक्रिया निरन्तर गाली र दवाउ हुन्थ्यो भने ओनेसिमसपट्टिबाट एकोहोरे मौनताको साथ आदेशहरू जानी-जानी गलत बुझिदिने हुन्थ्यो। कसले उसको दाखमद्यमा नुन हाल्यो, उसको थैलीमा छेपारो राख्यो वा उसको घर-बाहिर अँध्यारो हुँदो ऊ घर फर्कंदा त्यसमा ठेस खाएर लड़ोस् भनेर कसले एउटा ठूलो ढुङ्गा पल्टाइराख्यो, सो ग्लाउकसले पत्ता लगाउन सकेन; तर उसका तीखा आशङ्काहरू थिए।

'म त त्यस मान्छेलाई सहन सक्दिनँ बा,' भन्दै एरास्टस नाम भएको, त्यस्तै बीस वर्षजतिको चट्टू जवान दासले, ऊ आफै र ओनेसिमस एकदिन सँगै बेलुकीको खाना खाँदै गर्दा भन्यो; 'सधैंभरि मुख चलाइबस्ने, खाँदै-पिउँदै गरेको, र हरेकलाई सराप्दै नरकमा पठाइदिने त्यो। हरेक बुद्धि भएको मानिसलाई पश्चात्ताप गर्नुदेखि रोक्न त्योजस्तै एउटै मान्छे पर्याप्त छ।'

'तिमी त आफैले पश्चात्ताप गरेका थियौ, र ख्रीष्टमा ऊ तिम्रो दाजु हो भनी मैले भन्ठानेको थिएँ' छेड़ हानेर ओनेसिमसले जवाफ दियो; 'पक्का त्यही कुराले मलाई ख्रीष्टियान हुनदेखि रोक्नेथियो। कस्तो दाजु हँ!? म

त आज साँझ त्यसको सुरुवामा तितेपाती हालिदिन्छु।' सकेसम्म बलले र सकेसम्म टाढ़ा पुग्ने गरी उसले थुक्क थुक्यो।

एरास्टस हाँस्यो, अनि थपेर भन्यो: 'ख्रीष्टिय धर्म–सिद्धान्त विभिन्न छन् नि। सबै कुराहरूको टुङ्गो ख्रीष्ट हुनुहुन्छ भन्ने शिक्षालाई हामी सबैले स्वीकार गर्दैनौं। यो त हाम्रो निम्ति साह्है सजिलो र अति सरल छ। यसले त हाम्रा सबै परम्परा र मर्महरू विनाकामका तुल्याइदिन्छ। उपवास बसेर, चाड़बाड़हरू मानेर र हाम्रा शरीरहरू आत्मसंयममा राखेर हामी ख्रीष्ट र पवित्र आत्मालाई मात्रै होइन, तर प्रधानता र सामर्थ्यहरू, सिंहासन र प्रभुताहरू समेत चिन्न सक्छौं। त्यहाँ एउटा चलाख फ्रिगियाबासी ठिटो छ, जसले अझ शिक्षा पाउन हामीलाई आज साँझ आफ्नो घरमा आउने निमन्त्रणा दिएको छ। अनि मलाई लाग्छ, ख्रीष्ट नै सबै कुराहरूको शुरु र अन्त्य हुनुहुन्छ भन्ने सिद्धान्तमा भन्दा तिमीले उसको शिक्षामा ज्यादै स्वाद पाउनेछौ। किनकि त्यसले हाम्रो मानसिक शक्तिको निम्ति प्रगति गर्ने र बढ़ाउने ठाउँ दिन्छ। सबै जवान दासहरू गइरहेका छन्। के तिमी पनि आउँछौ ?'

'म, अहँ !' ओनेसिमसले छोटकारीमा भन्यो; 'यो सब कुराले मलाई दिक्दार बनाउँछ, अनि यसबाहेक म मस्तसँग सुत्नुपर्छ; किनभने ग्लाउकसले मेरो खाली ओछ्यानमा म त्यसमा पुग्नु अघि नै मलाई बिउँझाउन लात्ताले भकुरिनेछ। मैले आराम पाएको उसले खप्न सक्दैन। उसको विचारमा, म अहिले थकाइ मारिरहेको छु, यसैले म गइहाल्नु बेस हुन्छ।'

तर जब ऊ घरतिर फर्केर गयो, तब एउटा अस्पष्ट विचार उसको मनमा पस्यो। शुरुमा यो एउटा विचार मात्र थियो, तर यो छिट्टै बढ़ेर एउटा पक्का योजनाको रूप लिएको उसले चाल पायो, अनि ऊ घरको ढोकामा पुगुन्जेलमा हरेक विस्तृत चाँजोपाँजो तयार भइसकेको थियो।

उसको योजना यस प्रकारको थियो: साँझ परेपछि सबै जवान दासहरू फ्रिगियाबासीको घरमा जानेथिए, अनि ऊचाहिँ तिनीहरूसँग हिँड्न शुरु गर्नेथियो। बूढ़ा दासहरू सुत्नेथिए, अनि अधिकारीचाहिँ आफ्नो घरमा जानेथियो। फिलेमोनको घरमा ठूला–ठूला जङ्गी कुकुरहरूले पहरा दिन्छन्; तिनीहरू हरेक नै छाउरा हुँदादेखि नै चिनेका उसका निजी मित्रहरू थिए। यसैले योजना सफल हुन सक्नेथियो ...; त्यहाँ एउटा पक्की झ्याल

थियो, जोचाहिँ चोकको भित्तापट्टि खुल्थ्यो; त्यहाँबाट एउटा दाखको लहरो च्याप्प समातेर माथि चढ्न सकिन्थ्यो। हुन त उसले कहिल्यै कोशिश गरेको थिएन, तर यो सम्भव देखिन्थ्यो। आज औंसीको रात थियो, अनि यहाँ तल तबेलाहरूको पछाड़ि घनघोर अन्धकार हुनेथियो। वृद्ध दासहरू गहिरो निद्रामा भसक्क सुत्नेथिए। उसले चोर्न सक्ने धेरै कुरा थिएन; किनभने फिलेमोनको सारा धनसम्पत्ति लओडिसियाको बैंकमा थियो; तर ओनेसिमसको निम्ति हरेक स-सानो माल जो उसले जोहो गर्न सक्थ्यो, उसको उद्देश्य पूरा गर्ने एक कदम हुन्थ्यो। अप्फियाको कोठामा एउटा बाकस थियो, जहाँ पस्कासियाले आफ्ना स-साना गरगहनाहरू जस्तै केही सुन र चाँदीका चुराहरू, केही स-साना हार र मुन्द्रीहरू राखेकी थिई। आजकल ऊ यी चीजहरू प्राय: पहिरिनथी; किनकि ख्रीष्टियानहरूले आफ्ना महिला-वृन्दहरूलाई सिँगारपटार गर्नदेखि हतोत्साहित पार्दथे; र यस सानी केटीले आफूसँग कतिओटा गहना थियो, विरलै सम्झना राख्न सक्थी। एउटा-दुईटा गहना हराइरहे भने पनि उसले शायद त्यो चालै पाउँदिनथिई होली। अनि पछिबाट उनीहरूले उसलाई फेरि एउटा सानो गहना किनिदिनेथिए।

उसले चोकहरू बढ़ार्दै गर्दा र तबेलाहरूबाट फोहोर सोत्तर लैजाँदै गर्दा ग्लाउकस फुत्कार छोड्दै र रिसले मुरमरिँदै उसको अघिल्तिर खड़ा भयो। तर अन्त्यमा बसन्त साँझको लाली जगमगायो, र बारीहरूबाट दासहरू फर्केर आए र फेरि निस्किहाल्न हतार गर्दै फटाफट आफ्ना खाना खाए।

'तिमीहरू सबै आज साँझ कहाँ जाँदैछौ?' ग्लाउकसले अचानक सोध्यो।

'तल अलेक्जान्डरको घरमा,' एरास्टसले तुरुन्तै जवाफ दियो; 'हामी जवानहरू मात्र जान्छौं, स्तुति गर्न, प्रार्थना गर्न र पवित्र शास्त्रको अध्ययन गर्न।'

'तिमीहरू सबजना नै,' वरिपरि हेरेर ओनेसिमसमा दृष्टि अड्याउँदै अधिकारीले प्रश्न गर्‍यो; 'अनि तिमी पनि, ओनेसिमस? अँ, ठीक छ, तिमीले चासो लिइराखेको र आउनेवाला क्रोधदेखि भाग्दै गरेको देख्न

पाउँदा मलाई आनन्द लागेको छ। तिमीले आफ्ना पापहरूको ख्याल गर्नु खाँचो छ, ओनेसिमस; किनकि ती धेरै छन्। म तिम्रो लागि प्रार्थना गरिरहेको छु।'

'तिमीले आफ्नो स्वास खेर फाल्नुपर्दैन,' क्रूद्ध भएर केटा बड़बड़ायो, तर ग्लाउकसको आँखा छल्न ऊ अरूहरूसँगै बाटो लाग्यो। अब त अँध्यारो भइसकेको थियो, र ऊ जब एउटा जैतुनको बोट-पछाडि लिसिक्क लेसियो, तब कसैले चालै पाएन। तिनीहरूका बोलीको आवाज टाढ़ामा नहराउन्जेल ऊ ठिङ्ग भएर त्यहीं उभिइरह्यो, त्यसपछि रात्रीका मन्द आवाजहरू - गोठमा भएका भेड़ाहरूका हल्का भ्या-भ्या, भु-भु, घाँसहरू हाल्लिएका र कुनि कता हो, माथि खोचहरूहुँदो एउटा लाटोकोसेरोको विरक्तलाग्दो हुङ्कारको बीचमा ऊ एक्लै छोड़िएको थियो।

ऊ बिस्तारै फर्क्यो, उसका खाली खुट्टाहरू चिसो घाँसमा कुनै आवाज ननिकालीकन तबेलातिर लुसुक्क लस्कियो। चोक अघिबाटै अँध्यारो थियो र एक-दुई वृद्ध दासहरूका घुराइ छोड़ेर चकमन्न थियो। आफ्ना पन्जाहरूमा तिनीहरूका टाउकाहरू अड़्याएर कुकुरहरू पल्टिए र ऊ चाल मारेर बाहिर निस्कँदा उसले तिनीहरूलाई सुमसुम्यायो, तिनीहरूमध्ये एउटै पनि नतर्सिओस् भनेर। तिनीहरूले उसको हात चाटे र आफ्ना पुच्छरहरू हल्लाए; किनकि तिनीहरू सबैले नै उसलाई माया गर्थे। ऊ फर्केर गयो, केही पराल गुटुमुटु पारेर एउटा घोड़ाको फिलामा आफ्नो टाउको अड़्यायो र पर्खिबस्यो।

एक घण्टासम्म चनाखो भइराख्नु एउटा कठीन काम थियो, तर अन्त्यमा सबै कुरा सुरक्षित छन् भन्ने उसले अन्दाज गर्‍यो। यतिखेर त बूढ़ा नोकरचाकरहरू मस्त निदाइसके। अनि जवानहरू मध्यरात नकाटेसम्म फर्केर आउनेछैनन्। एउटा बिरालोझैं फुर्तिलो पाराले ऊ माथि झ्यालतिर उफ्रयो, त्यसको चुकुल खोल्यो र त्यसबाट जीऊ अटेसमटेस छिरायो। बूढ ़ो दाखको डाँठमा च्याप्प समातेर ऊ फिलेमोनको घरको भित्री चोकको भित्तातर्फ हाम फाल्यो। त्यसमाथि चढ़्यो, र तलतिर हाम फाल्यो। ऊ कुनै आवाज ननिकाली तल खस्यो र एकछिनसम्म पल्टेर बस्दै र सन्दै पर्खिबस्यो। केही खत्र्याक-खुत्रुक आवाज आयो, तर शायद रातको उष्ण हावाले होला। ऊ जुरुक्क उठ्यो र चोर पाइलामा मालिकनी मैयाँको

कोठातिर गयो। पर्दा पछाडि़ तानिएको थियो, र एउटा सानो उज्यालोको फिलिङ्गोले भित्तामा एउटा कालो छाया फालेको थियो। अरे?! त्यहाँ कोही न कोही थियो।

यो को हुन सक्थ्यो? घरमा ताल्चा मारिएको थियो र चाबीहरू ग्लाउकसको हातमा सुम्पिइएका थिए। अघिल्तिर बिनाआवाज चाल मारेर ओनेसिमस पर्दाको फेराबाट चियाएर यताउति हेर्‍यो। उत्तिखेर हल्का हावाले पिलपिलाइ हम्किदियो र कोठा उज्यालो भयो। एकाएक उज्यालोमा ऊ अधिकारीको आकृति देख्न सक्यो, जो एउटा बाकसमाथि ढेस्सिएर बैजनी वस्त्रहरू र महङ्गा-महङ्गा थोकहरू खोतलेर झिक्दै गरेको थियो। स्यानो ज्योति सुनका चुराहरूमा र चोरको लोभले लोलुप अनुहारमा टिलपिलायो र त्यतिखेर नै त्यसले यताउता पल्याक-पुलुक आँखा तन्काएर हेर्‍यो र ओनेसिमसलाई देख्यो।

ग्लाउकसले एउटा आतङ्कित, दमन गरेको चीत्कार छोड्यो र सबै थोक बाकसमा कोच्यो र ढकनी ढ्याम्म लगायो। गह्रौंसँग सास फेर्दै दुवैजना चुपचाप एक-अर्कोलाई हेर्दै खड़ा भए। दुवैजना एउटाले अर्कोको हत्या गर्न चाहन्थे होला, तर तिनीहरूसँग कुनै हतियार थिएन र हतियारबिना लड़ौं भनेर तिनीहरूको बल बराबर हुन्थ्यो। त्यस अधिकारीले आफूसँग एउटै झीनो आशा मात्र रहेको महसुस गर्‍यो र साहसी भई अघि बढ़्यो।

'त्यसो भए,' उसको उद्‌गार निस्कियो; 'मलाई लाग्छ, हामी दुवैजना नै फसेका छौं; यसैले हामी एउटा सम्झौतामा आऔं। हामी दुवैजनाले आफूलाई बचाइराखौं र हाम्रा मालिकको भरोसा कायमै राखौं। हामीमाथि डामको चिन्ह लगाइएको हामी चाहँदैनौं। यसैले चुपचाप रहनुमै हामी सहमत होऔं। तिमीले के देख्यौ, सो बिर्सिदेऊ, र म पनि त्यसै गर्नेछु। आऊ, हामी चुपचापसित जाऔं। ढोका खुलै छ।'

विचार गर्दै ऊ ठिङ्ग उभियो। एक ख्रीष्टियान भएका हुनाले फिलेमोनले डामेर चिन्ह लगाउँदैनन् होला, र ऊ आफैचाहिँ अघिबाट कैयौं चुटाइहरूमा बाँच्न सफल भएको थियो, र अरू पिटाइ खान सकिहाल्थ्यो। उसले गुमाउनुपर्ने थोरै कुरा थियो, तर अधिकारीले त सबै कुरा गुमाउनेथियो।

पिलपिल उज्यालो धिप–धिप भयो र मर्‍यो; एकाएक तिनीहरूलाई अन्धकारले छोपेको थियो। ग्लाउकसको घिच्रो उँड़ाइदिने क्रूर विचार ओनेसिमसलाई आयो, तर उसले यो युक्ति पूरा गरेन। जे भए पनि त एक मरेको अधिकारीले कसैलाई फाइदा गर्दैनथ्यो, तर एक जिउँदो अधिकारीलाई चाहिँ आफ्नो हातमा पार्दा रमाइलो र बढ़ी उपयोगी हुन्थ्यो होला। यो एउटा राम्रो सम्झौता थियो। अँध्यारोमा चाल मारेर ओनेसिमस बाहिर निस्कियो र फुत्त अर्को दिशातिर गइहाल्यो।

# १३

बिहान, केही पनि नभएझैं गरी ओनेसिमस र ग्लाउकसको भेट भयो; तर अधिकारीको व्यवहारमा भने देख्न सकिने परिवर्तन थियो। भयग्रस्त आदर–भावले उसले केटासँग व्यवहार गऱ्यो; अनि ओनेसिमस आफूलाई जतिखेर मन लाग्यो, त्यतिखेर उठ्न थाल्यो, अनि जे उसलाई इच्छा लाग्यो, त्यो गर्न र जे उसलाई इच्छा लागेन, त्यो नगर्न थाल्यो। वास्तवमा फार्ममा चैते खेतीमा, साथै खाल्टाहरूमा खसेका भेड़ीहरूको उद्धार गर्ने र अनाथ पाठाहरूलाई खुवाउने मोह नहुँदो हो त ऊ विनाकाम त्यत्तिकै अल्छे भएर रहन्थ्यो होला। यी चैतका उष्ण साँझहरूमा जब बथान भ्या–भ्या गर्दै गोठतिर लागिरहेका र डेसी फूलले आफ्ना पत्रहरू बन्द गरिसकेका अनि घाम तल लओडिसिया–मास्तिर पुगेको बेलामा खर्कहरूभन्दा उत्तम ठाउँ अरू कहीं थिएन। 'तिमी केको सपना देख्दैछौ, केटा?' ऊ बेंसी–पारि पश्चिमतर्फ ट्वाल्ल टोलाइरहँदा भेड़ा गोठालाले उसलाई सोध्दा केटा केवल मुसुक्क मुस्कुराउँथ्यो, एउटा पाठा उठाएर आफ्नो काखमा राखेर त्यसलाई मुसार्थ्यो।

तर भेड़ा ब्याउने बेला पूरा समाप्त हुनु अघि नै एउटा दास घोड़ा चढ़ेर माथि फार्मतर्फ सवार भएर फिलेमोन र अफ्फिया नजिकै आउन लागेको छन् र साँझ पर्ने बेलातिर आइपुग्नेछन् भन्ने समाचार ल्यायो।

ओनेसिमसले त्यस दासलाई अर्खिपसको विषयमा प्रश्न गरेन; किनभने केही घण्टाहरूमा नै ऊ आफै तिनलाई देख्नेथियो। चङ्गाइको सम्भावना छ भन्ने कुरा उसले सुनेको बेलादेखि नै उसले आशा गर्न थालेको

थियो र त्यो आशा निश्चयतामा बढ़ेर आएको थियो। अनि आश्चर्यकर्म भएको रहेनछ भने अर्खिपसको खातिर होइन, तर आफ्नै खातिर कति बढ ्ता गरी उसको क्षति हुनेथियो भन्ने कुरा उसले आजको मितिसम्म सम्झेको थिएन। अर्खिपस अझै लङ्गड़ा भए त ऊ कहिल्यै उसको जीवनभरि नै उसलाई सताइरहेको र दोष्याउने विवेकदेखि उन्मुक्त हुनेथिएन; किनकि कतै हातहरू उठाइरहेको कुनै भूतले नाङ्गा नङ्ग्राले उसलाई पक्रन लागेझैं हुरीले हुङ्कार छाड्दै, हुत्तिँदै र रूखहरू निहुराउँदै गरेका हिउँदका अँध्यारा रातहरूमा उसलाई कहिलेकहीं यस्तो लाग्दथ्यो। तर आजको रात ऊ आफ्नो पापका परिणतिहरूबाट स्वतन्त्र हुनेथियो। भरे अर्खिपस हिँड्दै घर पस्नेथिए र त्यो मनको पीड़ा सदा-सदाको निम्ति विलय हुनेथियो।

त्यस दिनभरि उसले थोरै काम मात्र गऱ्यो, अनि ग्लाउकसले अन्य दासहरूलाई यताउता अह्राउपह्राउ गर्दै ओनेसिमसप्रति आफ्नो छुट र विनम्रतामा झण्डै चुक्यो। कुनै निश्चित काममा अड़िएर बस्न नसकी साह्है औडाहामा ऊ पस्कासियाको कोठामा राख्नको निम्ति एक झुप्पा बसन्तका फूलहरू टिप्न ऊ खोचका ढडेनहरूतिर बरालियो; किनकि त्यो नानी फूल मन पराउँथी, र लामो यात्रापछि उकुसमुकुस भएकी होली। उसको अल्छी क्षण र स्वतन्त्रताको अन्तिम घड़ी यो थियो। भोलि फिलेमोनले उसलाई एकचत्तिसँग गर्नुपर्ने काममा खटाउनेछन् र त्यसमा ऊ खुशी भएको थियो। आफूलाई जे मन लाग्यो, त्यही मात्र गर्दा-गर्दा ऊ वाक्क भइसकेको थियो; त्यसपछि स्वतन्त्रता यही हो भन्ने उसले सम्झना गऱ्यो। आफ्नो जीवनको बाँकी समय आफैलाई जे मन लाग्छ, त्यही मात्रै गर्नु र कुनै मानिसलाई आफ्नो मालिक भन्नुनपर्नु! आफ्नो जीवनमा पहिलो पल्ट उसलाई शङ्का लाग्यो; के ऊ यस्तो जीवनसित खुशी हुनेथियो होला।

उसले सधैं गर्ने गरेझैं साँझको घाम हिरापोलिस-पछाड़ि डुबेको र आफ्नो अन्तिम छविमा त्यसका भित्ता र प्राकारहरूलाई ढपक्क ढाकेको हेर्न ऊ खोचको फेदमा फरक्क फर्कयो; तर जब उसले त्यसो गऱ्यो, तब उसले अगाड़ि एउटा वाहन, अनि त्यसको पछि एउटा सानो यात्री-दल कलस्सेको माथिल्लो फाँटबाट भएर उँभो आइरहेको देख्यो।

ओनेसिमस घरतर्फ बतासियो। के भएको रहेछ, सो नहेरी बस्न ऊ सकेन। के अर्खिपस वाहनबाट फुत्रुक्क ओर्लिआउलान् त? के तिनी

बाटोको अन्तिम भाग दौड़िएलान् त? वा तिनले चिसा साँझहरूमा गर्न खूब मन पराएझैं के तिनले घोड़ा सरपट दौड़ाइदेलान्? भोलि शायद तिनी खोचहरू उक्लनेथिए होला। तर भर्खर उनीहरू लखतरान देखिने गरी फार्मतर्फ लस्याक-लस्याक पाङ्ग्रामा गुड़िरहेका थिए र अघि-अघि दौड़िरहेको उत्कृष्ट कुनै व्यक्ति थिएन। शायद तिनी उनीहरू सबैलाई अचम्मित पार्न पर्खिबसेका होलान्।

अनि त्यसपछि वहान आइपुग्यो, त्यसको पछि-पछि थकित दासहरूले बल गरिरहेका थिए; अनि अधिकारी ग्लाउकस निहुरिरहेको, हात मलिरहेको र ढोगेर आडम्बर खालका सलामको अभिवादन ठोकिरहेको थियो। फिलेमोन उक्लेर झरे र आफ्ना छोरालाई उचालेर तल झारे, जति बेला पस्कासियाले तिनलाई तिनको बैशाखी दिई। तर तिनले भेला भएको घरानालाई अभिवादन गर्दा ती केटाको उज्यालो चेहरामा निराशको कुनै झल्को थिएन। वाहनमा शरीरले कष्ट पाएकोले निक्कै थाकेका र पहेंला देखिने अर्खिपस हाँसिरहेका थिए र तिनको अनुहारमा यस्तो एउटा हेराइ थियो, जुन हर्ष विजयको निश्चित चिन्ह थियो।

ओनेसिमस फर्क्यो र टाप ठोक्यो। त्यस रात उसले आफ्नी आमासँग खाना खायो। तिनी घरमा फर्केर आएकी उसको निम्ति अति खुशीको कुरा थियो। उनीहरूले प्रेरित पावलसँग बिताएको त्यस बिहानीको विषयमा आफूले सके जति तिनले उसलाई बताइदिइन्। उनीहरू सबैजना एफेससको दक्षिणतर्फ मिलेटसमा त्यो पानी-जहाज भेट्न गएका थिए; अनि पावल किनारमा उत्रे र समुद्र-तटमा उनीहरूसँग बातचित गरे। एउटी दासी भएकाले तिनी पछाड़ि उभिएकी थिइन् र अलि मात्र सुनेकी थिइन्। पस्कासिया अघि कहिल्यै समुद्र-तट गएकी थिइन, र पर-परसम्म सिपी-खोलहरू खोज्न बरालिइरहन्थी, र ऊ नहराई भन्नको खातिर नेरिस्सालाई निक्कै चटारो परेको थियो। साँच्चै पावलले के भनेका थिए, सो तिनले बुझिनन्। केही ब्याँसाहरूको विषयमा, तिनले अड़कल काटिन्। तर यी सब क्षण अति सुन्दर थिए र अन्त्यमा उनीहरू सबैजना घुँड़ा टेकेर निहुरेका थिए, अनि उनले तिनीहरूलाई आशीर्वाद दिएका थिए। प्राय: सब मानिसहरू रोइरहेका थिए; किनभने उनले सामना गरिरहेका जोखिम र सतावटहरूले गर्दा उनीहरूले उनलाई फेरि कहिल्यै देख्न पाउने कुनै

आशा थिएन। तर नेरिस्सा रोएकी थिइनन्। प्रभु येशूकहाँ गएर उहाँको घरमा सदाको निम्ति विश्राम लिनु त तिनलाई कसैमाथि आइपर्ने सबभन्दा अद्भुत कुरा लाग्दथ्यो। तर तिनको एउटै मात्र डर के थियो भने तिनीसँगै तिनको छोरा त्यहाँ नहुन सक्थ्यो।

तिनी थकित थिइन् र छिट्टै सुतिन्, तर ओनेसिमस चौथो प्रहरसम्म छटपटिँदै र सराप्दै जागो भएर पल्टियो। उसलाई धोका दिइएको जस्तै लाग्यो। अब उप्रान्त आफ्नो अपराधको कालो छाया उसमाथि अड़िरहनेथियो र आइरीन्ले यो कुरा थाहा पाइन् भने के भन्लिन् भनेर उसले शङ्का गर्‍यो। तर तिनले जसरी भए पनि थाहा पाउनुहुँदैनथियो। जहिले पनि उसको मनको एउटा कुना हुनेथियो, जसको विषयमा उसले तिनलाई कहिल्यै खोलेर कुरा गर्न सक्दैनथियो। उनीहरूको बीचमा बिलकुल सत्य प्रकारले आदनप्रदान कहिल्यै सम्भव हुनेथिएन।

तीन दिनसम्म त एक्लै अर्खिपसलाई भेट्न वा एक–दुई लज्जाजनक अभिवादन चढ़ाएको बाहेक तिनीसँग बोल्न ऊ इन्कार गर्न सफल भयो, तर उसले आफ्ना जवान मालिकलाई कति पीड़ा दिरहेको थियो, सो उसले जानेको भए ऊ तीन दङ्ग खान्थ्यो होला। तर चौथो दिन बिहान भण्डारबाट उसलाई एक बोरा मैदा घरमा ल्याउन अह्राइयो, अनि त्यसको भारले थिचिएर निहुरिँदै म कहाँ जाँदैछु भन्ने नहेरीकन ऊ घरको कुनाबाट लरखरायो।

'रोक, ओनेसिमस! म बाटोबाट हट्न सक्दिनँ।' आफ्नो बैशाखीमा जीउको भार अड्याएर अर्खिपस बाटोमा खड़ा भए, तर तिनले बोलाउँदा ढिलो भइसकेको थियो। साह्रो गह्रौं बोरा धरमराउँदै अगाड़ि हुत्तियो र बोरासँगै ओनेसिमस पनि हुत्तियो, अनि अर्खिपस बत्तिए। बोरा भुइँमा खस्यो र रिसको ज्वालामुखी प्रस्फोटन पर्खंदै दास हड़बड़ाउँदै निर्जिव ठिङ्ग खड़ा भयो। तर त्यो रिस कहिल्यै पोखेन। अर्खिपसको अनुहार दुखाइले गर्दा बिग्रिएको थियो; तर तिनी छिट्टै चङ्गा भए र आफ्नो हात ओनेसिमसतिर पसारेर फैलाए।

'कृपया मलाई सहायता गर, ओनेसिमस,' तिनले शान्तसँग भने; 'म धन्न परालको रासमाथि खसें, राम्रो भयो। मलाई बैशाखी देऊ त! ठीक

छ, ठीक छ; तिमी त्यति साह्रो डराउनुपर्दैन। यो तिम्रो गल्ती थिएन, र म पनि घाइते भएको छैनँ।'

त्यहाँ पहेंलो भएर उभिइरहेका र लड़ेको कारणले थरर काँपिरहेका, तर पूर्णत: नियन्त्रणमा भएका अर्खिपसलाई ओनेसिमसले पकरल्ल हेर्‍यो; अनि दया, आत्मग्लानि र तारिफ उसको हृदयबाट ह्वाल–ह्वालति उर्लेर आयो। ऊ यति छक्क परेको थियो कि ऊ मैदाको बोरामाथि बस्यो र आफ्नो जीवनमा तिनलाई पहिले कहिल्यै नदेखेझैं गरी अर्खिपसलाई ट्वाल्ल हेर्‍यो।

आफ्नो लाज बिर्सेदै उसले मलिन स्वरमा बोल्यो: 'मालिक, तपाईं निको नहुनुभएकोमा म ज्यादै दु:खित छु। आखिर के भयो? मेरो विचारमा, मानिसहरूले कुरा गरिरहेका ती आश्चर्यकर्महरू त आँखाको छारो मात्रै रहेछन्।'

आफ्नो दर्द बिर्सेदै तिनी अलिक सकसमा उसको छेउमा बसे। यस क्षणको निम्ति तिनले साह्रै तिर्सना गरेका थिए, तर अहिले यो घड़ी आइसक्दा तिनलाई सबै कुरा बताउन गाह्रो भइरह्यो। यसबाहेक चोकमा सबैको सामु एउटा पिठोको बोरामाथि बसेको अवस्थामा तिनले उसलाई बताउनेछु भनेर विरलै सोचेका थिए। आफूले देखेको कुरा तिनले ओनेसिमसलाई कसरी देख्न तुल्याउने? एउटा प्रकाश नभएको हृदयले कसरी बुझ्न सक्ला? यस्तो प्रयास ठूलो मूर्खता ठहरिनेथियो। शायद तिनको दासले तिनलाई अघिभन्दा बढ़ी घृणा गर्ने होला।

'होइन, ती धोकामा पार्ने आँखाका छाराहरू थिएनन्; ती सबै साँचा थिए, र हामीले कुनै हालतमा पनि सुनेका भन्दा पनि झन् बढ्ता सत्य छन्,' तिनी अनकनाए र त्यसपछि साहससाथ मुखरित भए; 'पावलले हामी सबैसँग समुद्रको किनारमा कुरा गर्नुभयो। उहाँले प्रभु येशूबाट प्राप्त गर्नुभएको सेवकाइको विषयमा र मण्डलीको हेरचाह–सम्बन्धी विषयमा बात गर्नुभयो। उहाँले त्यसलाई परमेश्वरको बगाल भन्नुभयो।'

'मण्डलीको कुरा छोड़िदिनुहोस्, मालिक!' ओनसिमसले हस्तक्षेप गर्‍यो; 'तिनीहरू यो पिठोको बोरा खोज्न बाहिर एकैछिनमै निस्केर आउलान्। मलाई यस आश्चर्यकर्म अर्थात् यो किन नभएको विषयमा बताउनुहोस्!'

'त्यो कुरा जब सकियो, तब म सीधै अगाड़ि गएर पावलसँग बोलें,' अर्खिपस भन्दै गए; 'हामी समुद्र–तटैतट अलिक पर गयौं, एउटा ढुङ्गामाथि बस्यौं र कुरा गर्‍यौं। मैले उहाँलाई ममाथि आफ्ना हातहरू राखेर मलाई निको पारिदिनुहुन विन्ती गरें; किनकि म मेरा बुवा र एपाफ्रासज्यूसँग गएर सारा फ्रिगियाभरि सुसमाचार सुनाउन चाहन्थें। तर उहाँले भन्नुभयो: उहाँको विचारमा परमेश्वरले मलाई त्यो सेवकाइ दिनुभएको होइन, तर जसरी गोठालोले भेड़ाहरू चराउँछ, र बाहिरबाट आएर स्वाहा पार्ने ब्वाँसाहरूदेखि रक्षा गर्छ, त्यसरी नै यहाँ कलस्सेमा बसेर मण्डलीको सेवा गर्नु मलाई ठहराइएको थियो; अनि त्यसको लागि मैले टाढ़ासम्म हिँड्नु पनि पर्दैनथियो। उहाँले भन्नुभयो: आश्चर्यकर्महरू चिन्हको रूपमा दिइएका थिए, तर मलाई एउटा चिन्हको आवश्यकता थिएन। मैले विश्वासको भरमा हिँड्न नै सिक्नुपर्छ। अनि त्यसपछि उहाँले आफूसित के भएको थियो, सो बताउनुभयो।'

कसैले चर्को स्वरमा घरभित्रबाट भण्डार–कोठाहरूभित्र सुत्न गएका ती दासहरूलाई भएभर सत्तेसराप गर्न थाल्यो। तर बोरामाथि बसिरहेका दुई ठिटाहरूले यसमा अलिकति वास्ता गरेनन्।

'उहाँको एउटा रोग छ, जसको बारेमा उहाँले आकलझुकल मात्र कुरा गर्नुहुन्छ' अर्खिपस भन्दै गए; 'अनि उहाँ प्राय: पीड़ित हुनुहुन्छ। चङ्गाइको निम्ति उहाँले तीन पटक प्रभुसित प्रार्थना गर्नुभयो, र तेस्रो पल्टमा प्रभुले उहाँसँग बोल्नुभयो। उहाँले यसो भन्नुभयो: *मेरो अनुग्रह तिम्रो निम्ति प्रशस्त छ; किनकि दुर्बलतामा नै मेरो सामर्थ्य सिद्ध हुन्छ।* अनि के तिमीलाई थाहा छ, ओनेसिमस? त्यस समयदेखि उसो उहाँ आफ्नो बिरामी र दुर्बलतामा आनन्दित हुनुहुन्छ।'

'आनन्दित?! अनि केको निम्ति? तपाईंलाई वाहनबाट उठाएर निकाल्दा तपाईं पनि आनन्दित हुनुभएको थियो नि त, मालिक। तपाईं ख्रीष्टियानहरू अनौठा व्यक्तिहरू हुनुहुँदो रहेछ। म त खै तपाईंहरूको कुरा बुझ्नै सक्दिनँ। त्यस दिन जब तपाईं जस्तो लङ्गड़ो जानुभएको थियो, त्यस्तै घर फर्किनुहुँदा तपाईं किन खुशी हुनुभएको?'

'किनभने हाम्रा दुर्बलताले हामीलाई उहाँको सामर्थ्यमा अधिक भर पर्न लगाउँछ। म कुँजो हुनुअघि म साह्रै घमण्डी र साह्रै बलियो थिएँ; म

जे पनि गर्न सक्छु मलाई लाग्थ्यो। अब म लङ्‌ग‌ड़ो छु, अनि मलाई थाहै छ, म केही गर्न सक्दिनँ। मेरो दुर्बलताले मलाई घरिघरि फर्काएर लान्छ र उहाँकहाँ पुऱ्याउँछ, अनि एउटा तिर्खाएको मानिसले मुहानको र एउटा चिसोमा कठाङ्ग्रिएको मानिसले आगोलाई जस्तो प्रेम गर्दछ, त्यस्तै म उहाँलाई प्रेम गर्छु। तिमीले उहाँलाई प्रेम नगरेसम्म मात्र तिमीले बुझ्न सक्दैनौ।'

'अनि के तपाईं सन्तुष्ट हुनुहुन्छ त?'

'सन्तुष्ट मात्रै होइन, म त आनन्दित छु।'

ओनेसिमसले अघिबाट कहिल्यै नदेखेको एउटा चमक उसका मालिकका आँखाहरूमा थियो। उसले अझ बुझेको थिएन, तर अर्खिपस धीरजी, अनुशासित पाका मानिस भएका थिए र तिनको लङ्‌ग‌ड़ोपनाको खातिर ओनेसिमसले फेरि कहिल्यै तिनलाई घृणा गर्दैनथियो। आफ्नो जीवनमा पहिलो पटक उसले तिनलाई आदरभावले हेर्न लाग्यो।

'सबै ईश्वरहरूको श्राप तँमाथि खानियोस्, हे अल्छे दास!' अचानक घऱ्याङ्ग घरको ढोका ह्वत्त खोलियो र भान्छेले चिच्याउँदै एउटा हड्डी हान्यो, जो ओनेसिमसको कानमा लाग्यो। 'म कहिलेसम्म पर्खिबसूँ हँ,' त्यसपछि जवान मालिक त्यसको आँखामा पऱ्यो र हड़बड़ाउँदै त्यसले मुन्टो फर्कायो, तैपनि त्यसले आफ्नो वाक्य भान्छाभित्र फलाकेर पूरा गर्ने इच्छा राख्यो, यसमा कुनै शङ्का थिएन।

ओनेसिमस उठ्यो, आफ्नै खुट्टामा उभिन अर्खिपसलाई सघायो, बोरा काँधमा हाल्यो र भान्छेबाट उसले जे पाउनु योग्य थियो, सो पाउन ऊ कुप्रेर अगाड़ि धरमराउँदै गयो। तर अर्खिपसचाहिँ एउटा ढुङ्गाको छपनी नभेट्टाउन्ज र त्यसमा आराम गर्न नबसुन्जेल मुस्किलले यस खस्रो जमिनमा अघि बढ़िरहे। बसन्तको घामले तिनलाई न्यानो पाऱ्यो। सुनाखरीका सुनौला मुहारहरू तिनीतर्फ हेरेर मुसुक्क मुस्काए; यस्तो तिनलाई लाग्थ्यो; खोचमा हरेक पक्षी नै तिनको खुशी मनलाई साथ दिनको निम्ति गाइरहेको रहेछ। तिनले बेंसी–पारि हेरे, जहाँ तिनका पाइलाहरू तिनलाई कहिल्यै पुऱ्याउनेथिएनन्; तिनले ती पहाड़हरू हेरे, जहाँ तिनी कहिल्यै चढ़्नेथिएनन्; अनि तिनले परमेश्वरलाई धन्यवाद चढ़ाए।

अन्तमा तिनले जितेका थिए। यतिका वर्षसम्म तिनले आफ्नो शारीरिक शक्ति र सुन्दरताले, आफ्नो अधिकार र प्रतापले ओनेसिमसलाई प्रभावित पार्न खूबै कोशिश गरेका थिए, तर तिनको दासले तिनलाई घृणा र तिरस्कार गरेको थियो। अहिले आएर तिनको जीवनको घमण्ड तोड़ेको अवस्थामा उसलाई प्रभावित पार्न केही बाँकी नरहेका एक कमजोर लङ्गड़ाले आफ्नो दासको निष्ठा जितेका थिए। शायद पछि कुनै समयमा तिनले उसलाई मित्रको रूपमा पनि जित्लेथिए होला।

# १४

समय बित्दै गयो र ती केटाहरू जवान भए – एकजना सामर्थ्यमा र शरीरको सौन्दर्यमा अर्कोचाहिँ परिपक्कतामा र बुद्धिमा। अहिले अर्खिपस सत्र वर्षका भएका थिए र अब पूरा कदसम्म कहिल्यै बढ्दैनथिए होला। तिनी सधैंभरि आफ्नो अङ्गभङ्ग शरीरको निम्ति एउटा बैशाखीको सहारा लिएर हिँड्नुपर्नेथियो। तर तिनका बुवाका बारम्बार अनुपस्थितिहरूमा तिनले आफैलाई फार्मको देखरेख गर्न सक्षम व्यक्ति र एक दयालु, मानिसहरूको निष्पक्ष मालिकको रूपमा प्रमाणित गरेका थिए। तिनका दासहरू तिनलाई प्रेम गर्थे र तिनको आज्ञापालन गर्दथे, अनि कहिल्यै तिनको दुर्बलताको फाइदा उठाउँदैनथे। तर एक व्यक्ति जसको मित्रता तिनी अरू सबैको भन्दा अति नै उत्कट लालसा गर्दथे, उसले भने तिनलाई प्रेम गर्दैनथ्यो। ओनेसिमसले आफ्ना जवान मालिकलाई आदर गर्थ्यो र खूबै होशियारसाथ तिनको सेवा गर्थ्यो, तर खाँचो परेको बेलाबाहेक ऊ कहिल्यै तिनीसँग बोल्दैनथ्यो र आवश्यक भन्दा बढ़ी एकछिन पनि तिनको उपस्थितिमा रहँदैनथ्यो।

एकदिन राति आफ्नो दास साँझको खानाका भाँड़ा र प्लेटहरू उठाउँदै गर्दा अर्खिपसले यसो भने: ‘ओनेसिमस, भोलि म लओडिसिया जाँदैछु। तिमी मेरो यात्राको निम्ति कपड़ाहरू तयार पारिदेऊ!’

‘हवस् मालिक,’ ओनेसिमसले जवाफ दियो। ऊ भाँड़ाबर्तन बोकेर निस्कियो, फर्किआयो अनि ध्यानपूर्वक र चुपचापसित सफा पहिरन निकालेर फैलायो र चप्पलहरू टल्कायो। ऊ अहिले वयस्कको कदमा बढ

ेको थियो, तर अझ एक हृष्टपुष्ट केटाको फूर्तिमा चल्दथ्यो; अनि अर्खिपस दु:खित हुँदै उसलाई हेरिबसे। त्यो सुन्दरता, ती नाचिरहेका मांशपेशीहरू, त्यो ठाड़ो गौरवान्दित शिर – यी सब कुराले तिनमा सधैं ऊजस्तै हुने तृष्णा, सम्बन्ध राख्ने आकांक्षा, जित्न नसकिने मनोकांक्षाको चस्को आफूभित्र बल्झाइरहन्थे। उनीहरू सँगै मुखामुख त्यस पिठोको बोरामाथि बसेका पनि दुई वर्ष भइसकेको थियो, तर फेरि कहिल्यै तगारो खोलिएन। ओनेसिमस तिनको दास थियो; ऊ छरितो, आज्ञाकारी, आफ्नो कर्तव्यमा कसैले खोट लगाउन नसक्ने थियो, अनि अर्खिपसले शायद कहिल्यै यस कमारोपनको परिधि पार गर्न सक्नेथिएनन् होला।

‘भोलि, के तपाईं मलाई तपाईंसँग गएको चाहनुहुन्छ, हजुर?’ तिनको अघिल्तिर हातहरू मिलाएको ओनेसिमस मालिकको सम्पत्तिको रूपमा शिर अलिक निहुराएर र आफ्नै चाहना प्रकट नगरीकन उभियो। अर्खिपस रुन सक्थे।

‘के तिमी आउन चाहन्छौ?’ विन्ती गरेको, तर अलिक झर्को लाग्ने आवाजमा तिनले सोधे।

‘मालिक, तपाईंको इच्छा नै मेरो इच्छा हो,’ केटाले जवाफ दियो। उसले त्यस आग्रह गरेको आवाजबाट कुरा बुझ्यो र त्यस खेलमा मजा लियो; किनकि त्यसले उसलाई एउटा ओनौठो सामर्थ्यको अनुभूति दिलायो। तर आज राति यस्तो व्यवहारबाट उसलाई के लाभ हुन्थ्यो होला भन्दै उसलाई शङ्का लाग्यो। लओडिसिया जानको निम्ति उसले जे पनि दिन तयार थियो; किनभने उसले उनलाई नभेटेको दुई वर्षभन्दा बढ़ी भइसक्यो। उनी अब एउटी जवान केटी हुँदैनथिन्। उनलाई पहिले भन्दा अग्ली, जिउडालमा संवृद्ध भएकी कल्पना गर्न कोशिश गर्‍यो, तर तिर्सनाको अधिक आवेगले गर्दा उसले आफ्नो छद्म भाव छोड्ने निर्णय गर्‍यो। तर के गर्ने? ढिलो भइसकेको थियो।

‘ठीक छ,’ अर्खिपसले हस्याङ-फस्याङ गर्दै भनिरहेका थिए; ‘तिमीलाई जसो भए पनि कुनै फरक पर्दैन भने तिमी यहीं रहेर भेड़ाको ऊन कत्रने काममा सघाउन नै बेस हुन्छ। लओडिसियामा भएको मण्डलीमा ख्रीष्टियानहरूको जमघट छ, र केही दासहरू मसँगै आउँदैछन्। म मेरा बुवा र एपाफ्रासज्यूलाई भेट्नेछु; उहाँहरू भोलि फिलाडेल्फियातिर यात्रा

गर्दै हुनुहुन्छ र हामी सबैजना सँगै फर्किनेछौं। साँझ पर्नु अघि मेरा बुवाको निवास तयार होस् नि! शुभरात्रि!' तिनी फरक्क फर्के, अनि आदरपूर्वक जवाफ दिएर गइहाल्नुबाहेक ओनेसिमसको निम्ति केही गर्न रहेन।

बाहिर आँगनमा उसले आफै घमण्डी मूर्ख भएकोले आफैलाई नमीठोसँग धिक्कार्‍यो; अब आफैलाई नम्र तुल्याएर लुसुक्क फर्किजान र आफ्नो मालिकको पाउमा घोप्टो परेर तिनीसँग जान पाऊँ भन्ने वित्नी टक्राउन उसलाई इच्छा थियो। उसलाई थाहा थियो, अर्खिपससित कहिल्यै कुनै कुरा नमागे तापनि तिनले केही कुरामा पनि उसलाई नदिई इन्कार गर्न सक्दैनथे। ऊ हच्कियो, फर्क्यो र रिसले मुरमुरिँदै फेरि फर्कियो। के उसले यसरी पछाडि बसेर विनीत, आज्ञाकारी दास भएर उनको सामु जाने इच्छा गरेको थियो र? हुँदै होइन, कदापि होइन! ऊ एक्लै, एक स्वतन्त्र मानिस भएर आफ्नो शिर ठाडो पार्दै उनीकहाँ जानेथियो कि त जाँदै जानेथिएन। उसले एउटा ढुङ्गो उठायो, यसलाई बेंसीतिर बत्तायो र फेरि धिक्कार्‍यो। त्यसपछि ऊ घर गयो र आफ्नो कन्तुरका सिक्काहरू गन्यो। अहिलेसम्म ती निक्कै बढ्दै गएका थिए, र भोलि अर्खिपस र फिलेमोन घरमा नरहेको बखत त यो अझै अलिकता बढ्थ्यो होला। ऊ एकदम होशियारसाथ बिस्तारै अघि बढ़िरहेको थियो। अनि अहिलेसम्म ऊ कहिल्यै नचुकेको हुनाले उसलाई अधिक विश्वासयोग्य ठानिएको थियो।

भोलिपल्ट उसले भेड़ा कत्र्यो र होश नराखी आफ्ना अन्य कामहरू गर्‍यो; किनकि उसका विचारहरूमा ऊ अर्खिपससँगै लओडिसियामा थियो। तिनी के गर्दै होलान्, उसले सोच्दैथियो। शायद हावा नछिर्ने गुम्म कोठाभित्र एक हूल पसिनैपसिना भएका दासहरू र मोटा यहूदीहरूसँग तिनी अटेसमटेस ती पुराना भजनहरू गाइरहेका होलान्। तर शायद यसो गरेका होइनन्। लओडिसियाको मण्डली यसको संवृद्धि र स्वपालितताको निम्ति प्रसिद्ध थियो र अहिलेसम्म जस्तोसुकै सतावटबाट पनि जोगियो। यसकारण तिनीहरूले शायद आफ्ना सभाहरू आनन्दसँग र खुला रूपले संचालन गर्न पाउँथे। उसलाई थाहा थिएन, र उसलाई मतलब पनि थिएन। अनि अर्खिपसले उनलाई भेट्लान् कि भेट्दैनन् भन्दै सयौं पल्ट ऊ उत्सुक बन्यो। शायद होइन होला; किनकि पोलेमोनले उनलाई एउटा ख्रीष्टियान

जमातमा जान त विरलै दिन्थे होलान्, तर कसलाई के थाहा? आखिरमा गएको भए हुन्थ्यो, सड़कहरूहुँदो जहाँ उनका साना पाउहरू लरखराउँथे, त्यहाँ हिँड्न पाएको भए र दिन प्रतिदिन उनका नयनहरूले देखेका दृश्यहरू हेर्न पाएको भए हुन्थ्यो भन्ने चाहना एकाएक उसमा आयो।

त्यो दिन बितिगयो, र उसले सोचेको भन्दा अगाड़ि नै, टाढ़ामा उसले उनीहरूलाई फर्केर आइरहेका देख्यो – हरियो गहुँका फाँटहरूको बीचबाट एउटा थकित लावालस्कर उकालो आइरहेको थियो; अर्खिपस एउटा घोड़ामाथि आसीन थिए र तिनका बुवा छेउ-छेउ भएर हिँड़िरहेका। यी पट्यारलाग्दो, लामो घोड़चढ़ी यात्राले जहिले पनि तिनको दु:खाइ बल्झाउँथ्यो; यसैले ओनेसिमस आफ्ना मालिकको विश्रामस्थल तयार पार्न, सुराहीहरूमा पानी भर्न र सफा कपड़ाहरू बिछ्याउन घरतिर दगुर्‍यो। ढोकामा अर्खिपसलाई तल ओर्लन सघाउन ऊ ठिक्क समयमा पुगेको थियो।

'सब तयार छ, मालिक!' ओनेसिमसले भन्दै लखतरान भएर ती अङ्गभङ्ग भएका व्यक्ति लत्रक्क खस्दा तिनलाई थाम्न सहायता गर्‍यो। 'तपाईंको बेलुकीको खानाअघि के म तपाईंलाई नुहाउन र वस्त्र पहिरनमा सहायता गरूँ?'

'अहँ, पर्दैन, धन्यवाद,' अर्खिपसले भने; 'मेरो बैशाखी मलाई देऊ त! म आफै गर्नेछु। तिमीले पर्खनुपर्दैन, ओनेसिमस। शुभरात्रि!'

आफ्नो अनुहार एकातिर फर्काएर तिनले बल लगाएर पर लम्किँदै एक्लै तिनका बुवाआमाले पनि थाहा नपाईकनै खन्च्याङ-खन्च्याङ गर्दै घरभित्र पसे; उनीहरू एक आपस्तमा अभिवादन चढ़ाउनुमा व्यस्त थिए। तिनको दास तिनलाई एकछिनसम्म हेर्दै उभियो, त्यसपछि आफ्ना कुमहरू हल्लाएर फरक्क फर्क्यो। 'तपाईंले उठाउन नसक्ने ती अति गह्रौं पानीका भाँड़ाहरू चलाउन चाहनुहुन्छ भने तपाईंको इच्छा!' भन्दै ऊ बरबरायो, तर ऊ नमीठोसँग घायल भएको थियो अनि निराश पनि। उसले स्वीकार गर्नुभन्दा बढ़ी नै आफ्नो मालिकको सँगत खोजेको थियो र लओडिसियामा के-के भएको थियो, सो सुन्न खूबै उत्सुक थियो।

ऊ उदास भई आफ्नो टहरोतिर लाग्यो र उसकी आमाले उसको खाना पकाइदिइन्, तर यसले उसलाई आनन्दित तुल्याएन। यी दिनहरूमा

आफ्नी आमालाई देख्दा उसलाई चिन्ता लाग्थ्यो। तिनी झन् साह्रै पातली खिइँदै गएकी थिइन्, बारम्बार खोकिरहन्थिन् र कहिलेकहीं त तिनी आफ्नो कोखा थाम्दै कष्टले आफ्नो अनुहार कचमच बिगारेकी उसले ख्याल गर्‍यो। जब ऊ राति घर आउँथ्यो, तब तिनी प्रायः मजाले सुत्थिन्, तर तिनी आफ्ना सपनाहरूमा छटपटाइरहेकी थिइन् अनि प्रायः पीड़ामा परेझैं चिच्च्याउँथिन्। तर जब उसले तिनलाई यस विषयमा प्रश्न गर्थ्यो, तब तिनी हाँस्थिन् र उसलाई सबै कुरा ठिक्कै छ भन्थिन्।

'म त ख्रीष्टको हातमा छु,' तिनी सजिलै भन्थिन्; 'के कुनै दुष्ट कुराले मलाई छोप्न सक्छ र?'

'मलाई लाग्छ, ख्रीष्टको हातमा भएर पनि तपाईं बिरामी भएर मर्न सक्नुहुन्छ, होइन र?' उसले झड़ङ्ग जवाफ दियो र तिनले जवाफ दिने मौका पाउनु अघि नै हिँड़िहाल्यो।

उसले केही गाँस खाना लियो, त्यसपछि थाल हुत्त घचेटिदियो र बाहिर निस्कियो। उसको विचारमा, ऊ आफूभित्र यस राक्षसरूपी अधीरतालाई लिएर खोचहरूतिर गएर अन्धकार नखसेसम्म चढ़िरहनेथियो। माथिल्लो फाँटहुँदो ऊ भौंतारिएको थियो, तब भर्खरै काटेएको खरको गन्ध र सौम्य भावले उसको व्याकुलता शीतल पारिदियो, र ऊ बिस्तारै हिँड्यो, त्यसपछि अड़िएर उभियो। ऊ कहिलेकहीं यो कल्पना गर्थ्यो: गृष्मका यी लामा उज्याला साँझहरूमा मानिसका सामान्य कानहरूको निम्ति सुन्नलाई साह्रै मसिना आवाजहरू पनि ऊ सुन्न सक्थ्यो; जस्तै भुइँको घाँसको खस्रयाक-खुस्रुक आवाजहरू, शीतका थोपा खसेका, पोस्तादानाका पत्रहरू खुम्चिएका, उँभो-उँभो वेग मार्ने पक्षीहरूको उड़ान आदि। उसको एकटक दृष्टि बेंसीपारिको छायाले छोपेको शहरमा आएर अड़ियो, जहाँ उनी शायद कुनै खुला झ्यालको सामु निहुरेर सुत्न तयार भई पाइजामा पहिरेकी र साँझको आकाशतिर हेर्दै गरेकी होलिन्। उनको सुत्ने कोठा कहाँ थियो होला? र के उनले कुनै समयमा आफ्नो अनुहार आफ्ना हातमा अड़ेस लाएर कलस्सेतिर नियाल्दै होलिन् भन्ने प्रश्न उठ्यो। तब अचानक एउटा आवाजले जो काल्पनिक थिएन, उसलाई वास्तविकतामा झकझकाएर फर्कायो।

उसले सावधानीपूर्वक ढुङ्गाको ढिस्कोको पछाड़ि चियायो, जसबाट त्यो आवाज आयो; ऊ उत्सुक, तर अन्य मानिसका कष्टहरूमा सामेल हुन अनिच्छुक थियो। तर हेरेर गइहाल्नुको सट्टामा ऊ त्यसै ठाउँमा जरो गाड़ेर ठिङ्ग उभियो। घमण्ड र दया, डर, उत्सुकता सबै उसलाई कब्जा गर्न संघर्ष गरिरहेका थिए; किनकि त्यहाँ भुइँमा अर्खिपस बसेका थिए, तिनको अनुहार आफ्ना हातहरूमा लुकाएर रोइरहेका थिए। यी अर्खिपस, जसले सामुद्री किनारमा तिनको पावलसँगको कुराकानीपछि एक पटक पनि आफ्नो कष्टको विषयमा बोलेको वा आफ्नो भाग्यको विषयमा गनगन गरेका थिएनन्। दुई वर्षदेखि संसारलाई एउटा सहासी हँसिलो मुहार प्रस्तुत गर्दै आइरहेका अर्खिपस यहाँ एउटा बच्चाझैं सुँकसुँकाइरहेका थिए।

ओनेसिमसले कदम बढ़ायो। अर्खिपसभित्र वास गरेको त्यस ज्योति र शान्तिदेखि ऊ डराउँथ्यो; तर यहाँको वातावरण त आफैले चाल पाएको जस्तो अन्धकार र अन्तरद्वन्दको पो थियो। उसले आफ्नो हात आफ्ना मालिकको काँधमा राख्यो; तब ती ठिटाले दच्किँदै आँखा तरे र पुलुक्क हेरे। दुर्बलताको यस घड़ीमा आफ्नै दासले तिनलाई भेट्टाएकोले तिनी रिसाएका र लज्जित थिए।

'मलाई छोड़िदेऊ!' तिनले आज्ञा दिए; तर ओनेसिमसले जीवनमा पहिलो पल्ट खुल्लमखुल्ला तिनको आज्ञा इन्कार गर्‍यो। अर्खिपसले आश्चर्यचकित हुँदै उसका आँखाहरूमा हेरे, अनि हेर, तिनले त्यस दोषरहित, अनात्मीय दासलाई देखेनन्, तर तिनीसँग हुर्केको त्यस केटालाई देखे, जो गहिरो चासो लिएर र दयाले भरिएर तिनलाई पक्क परेर हेर्नमा अड़िग थियो। आफ्ना आँखाहरूबाट आँसु पुच्छ्दै तिनले ओनेसिमसलाई तल भुइँको घाँसमा ताने।

'कुरा के हो, मालिक?' ओनेसिमसले सोध्यो; 'लओडिसियामा केही कुरामा गड़बड़ी भयो कि?'

अर्खिपस एउटा लज्जित खित्त हाँसो छोड़े र कड़ासँग आफ्नो नाक सिँ-सिँ सफा गरे। 'केही पनि होइन; सबै मैले अपेक्षा गरेझैं थियो' तिनले जवाफ दिए; 'मैले तिमीलाई कहिल्यै भनेको छैन, ओनेसिमस; किनकि म कहिल्यै तिमीलाई केही पनि बताउँदिनँ; किनभने तिमीले मलाई यसो

गर्न कहिल्यै दिँदैनौ; तर तिमीले उनलाई खोचहरूमा भेट्टाएको दिनदेखि मैले उनलाई सदा प्रेम गरें। त्यस समयदेखि विरलै कुनै दिन बिते होला, जुन दिनमा मैले उनको बारेमा सोचिनँ। मलाई खास थाहा थियो; तर आफ्ना सपनाहरूमा म कस्तो अभागी, कमजोर प्राणी हुँ, सो सम्झना गर्न मलाई कठिन भएको। आज मात्र, त्यो घटना भएकोदेखि प्रथम पल्ट उनले मलाई देखेकी थिइन्; र अब मलाई थाहा भो, मैले अबउसो त्यो सपना सँगाल्नुपर्दैन।'

'उनले के भनिन् र?'

'ओहो, धेरै होइन। कुनै हिसाबमा उनी अझै पनि एउटी सानी केटी नै छिन्। मैले उनलाई सड़कमा भेटें; उनी मलाई नदेखेर त्यहाँबाट भएर जान्थिन् होला। तर मैले उनलाई रोकें र उनलाई अभिवादन गर्न आँट गरेकोले मात्रै हो। जब उनले मलाई चिनिन्, तब उनले आफ्नो अत्यास र चिन्ता लुकाइराख्न सकिनन्। तर तुरुन्तै उनले त्यसलाई फेरि लुकाइन्, र मेरा बुवा र ओनेसिमस, तिम्रो विषयमा सोधिन्, तर उनले अड़िरहन चाहिनन्, जतिसक्दो छिटो गइहाल्न शिष्टपूर्वक थियो, त्यति छिटो मलाई बिदाको अभिवादन चढ़ाएर गइहालिन्। अनि मलाई अहिले थाहा भयो, यो नै सदाको निम्ति बिदाइ रहेछ।'

तिनले मनको दर्दनाक पीड़ा पोख्दै गर्दा त्यो पीर कम भयो। तिनी खिन्न आवाजमा बिस्तारै बोलेका थिए। उनीहरू केही मिनेटसम्म चुपचापसित बसे, त्यसपछि अर्खिपस फेरि अड्किँदै अकमकिँदै बोले। 'म मण्डलीतिर अघि बढ़ें। हामीले एउटा ठूलो प्रेम-भोजबाट सँगति शुरु गर्‍यौं। सबैजना सन्तुष्ट थिए, आपसमा संगत गरेका थिए, तर मेरो लागि सब मनतातो देखिन्थ्यो। म त जीवन दिने रोटी र पानीको भोक-प्यासा गरिरहेको थिएँ। हुन सक्छ, मैले खोजेको कुरा ख्रीष्ट होइन, तर उनलाई खोजिरहेको कारणले त्यस्तो भयो, कुनि? ओनेसिमस, मैले उनलाई नपाउँदा कुनै मानवीय सान्त्वना र दिलासा खोजें। उहाँलाई त्यो थाहा थियो। हाम्रा दुर्बलताहरूप्रति उहाँ अति कृपावान् हुनुहुन्छ।'

'तपाईंले के भन्न खोज्नुभएको, मालिक?'

'ओहो, त्यो 'मालिक'-शब्द त्यागिदेऊ! मलाई यस मालिक-दासको

सम्बन्धलाई घृणा लाग्छ। हामी एकसाथ बालक थियौं, ओनेसिमस; अनि तिमी मेरो दास हुनुभन्दा कति वर्षअघि नै तिमी मेरो मित्र थियौ। अनि प्रभु येशू कृपालु हुनुभयो। मलाई उहाँको खाँचो थियो, तर उहाँले मलाई एउटा मानव हातले छुनुभयो, अनि मानवीय ओठहरूले मसित बोल्नुभयो। तिमी ओयौ ...।'

'म,' तर्सेर ओनेसिमसले दोहोऱ्यायो; उसले यस सम्बन्धमा कुन भाग खेलेकोमा छक्क पऱ्यो।

'हो, तिमी। बितेका दुई वर्ष तिमीले त्यसरी मसँग कहिल्यै बोलका थिएनौ, र अहिले मलाई थाहा भयो। ओनेसिमस, तिमी किन यी तगाराहरू राख्दछौ र एउटा लाटोझैं अभिनय गर्दछौ? के ख्रीष्टलाई चिन्नु अघि मैले तिमीलाई दुर्व्यवहार गरेकोले हो? मैले मेरो घमण्ड, क्रूरता र छलको निम्ति पश्चात्ताप गरेको छु, सो प्रभुलाई थाहा छ। के तिमी मलाई कहिल्यै क्षमा दिँदैनौ?'

अँध्यारो छिपिरहेको थियो। अनि पीपलका रूखहरूमाथि एउटा हँसिया आकारको फिक्का चन्द्रमा उदाएको थियो। एउटा रहस्यले अर्को रहस्यलाई निम्त्यायो र एउटा सत्यताले अर्को सत्यतालाई भेट्यो। 'यो त्यस्तो होइन,' ओनेसिमसले भन्यो; 'मैले कति वर्ष पहिले नै तपाईंलाई क्षमा दिइसकें। मलाई लाग्छ, म तपाईंसँग डराउँछु। शायद तपाईंभित्र वास गर्नुभएको ख्रीष्टदेखि नै म डराउँदैछु।'

'ख्रीष्टदेखि डराएको?' आफ्ना फिक्रीहरू बिर्सेर आफ्नो हृदयमा आशाको संचार भइरहेका अर्खिपस ठाड़ो बसे। 'मरेको मानिसले कसरी जीवनदेखि डराउन सक्छ? अन्धो कसरी उज्यालोसँग डराउन सक्छ? वा हराएको भेड़ा कसरी गोठालासँग डराउन सक्छ, जो त्यसलाई बोकेर घरमा लैजान आउँछन्? तिमीले जानेका भए, ओहो, ओनेसिमस।'

'मलाई थाहा छ,' ओनेसिमस हतार-हतार बोल्यो; 'अनि म झन् डराउँछु।'

'तर केबाट?'

दास चुपचाप बस्यो। उसले अर्खिपसलाई त्यस ज्योतिको बारेमा कसरी बताउने, जो उसको पुरानो पापमा चम्किनेथियो र उसलाई पश्चात्ताप गर्न कर लाउनेथियो; अँ यस पापलाई सदाको निम्ति ख्रीष्टमा फालिदिन

कर लाउनेथियो। अनि त्यसो गर्नुदेखि ऊ कति साह्रो गरी डराउँथ्यो!? त्यसभन्दा त आफ्नो अपराधको बोझ आफू चिहानमा नपुगुन्जेल बोक्नु उत्तम देखियो। अनि त्यो ज्योति त ती चोरिएका सिक्काहरूको थुप्रोमा पनि चम्किनेथियो र उसको जीवनको मनोकांक्षालाई चकनाचुर बनाउनेथियो, यसमा कुनै शङ्का थिएन। यस संसारमा आफू एक स्वतन्त्र मानिस भन्ने मौका जोखिममा हाल्नुभन्दा अनन्तसम्म पापको बन्धनमै रहनु उसलाई उत्तम लाग्यो। अचानक ऊ कति साह्रो आतङ्कित भएछ, सो कुरा उसले अहिले नै महसुस गर्‍यो। साँचो प्रेम उसको छेउमा एकदमै नजिक थियो। आकाशका मुलायम रङ्गहरूमा, बसन्तको रातको उष्ण हावामा, उसको छेवैनेर बसिरहेका ठिटाको सामर्थ्य र विनम्रतामा, अँ, परमेश्वरका जनहरूभित्र वास गर्नुभएको अनजान रहेको उपस्थितिमा प्रेम उसको एकदमै नजिक हुनुहुन्थ्यो। यस प्रकारको अतिक्रमण कसले सामना गर्न सक्थ्यो? र समर्पण गरेपछि त्यसका परिणतिहरू के-के होलान्? त्यसमा एक विचार दिनुसम्म उसले साहस गरेन; ऊ तर्सेर आफ्नै खुट्टामा खड़ा भयो।

दह्रो भई उसले भन्यो: 'आउनुहोस्, हामी घर जाऔं! अर्खिपस, त्यो मार्ग मेरो निम्ति होइन। मैले अघिबाटै तपाईंलाई भनिदिएको छु। त्यस्तो खालको कुरासित म मेरो जीवन र योजनाहरू कहिल्यै मिलाउन सक्दिनँ। तर मलाई खुशी लागेको छ, यो तपाईंको निम्ति सान्त्वना दिने कुरा हो। तपाईंलाई यसको खाँचो छ; मलाई त होइन।'

'तिमीलाई यसको झन् बढ़ी खाँचो छ,' अर्खिपसले त्यत्तिकै जवाफ दिए, त्यसपछि चुप लागे। ओनेसिमसले आफ्नो जवान मालिकको पाखुरा समात्यो र तिनलाई खल्ट्याङ-खुल्टुङ्ग जमिनहुँदो आँगनको ढोकातर्फ डोर्‍यायो, जहाँ अप्फिया आत्तिँदै आफ्ना छोराको बाटो हेर्दै अँध्यारा फाँटहरूतिर आँखा फैलाउँदै उभिरहेकी थिइन्। ओनेसिमसले तिनलाई सदाको भन्दा आदर भावले बिदाको नमस्कार टक्र्यायो र घर फर्क्यो।

तर उसको मनमा भने एउटा भूमरी चल्यो। त्यस रात, जुन कुरादेखि उसलाई डर थियो, त्यही नै भयो, जबसम्म उसलाई याद थियो, यो पहिलो पल्ट हो। ऊ नमरुन्जेल उसले प्रशस्त हुने गरी सुनेको, ख्रीष्टियानहरूले

चलाएको भाषामा भन्नु हो भने निश्चय बौरिउठ्नुभएको प्रभु उसको नजिक आएर उसलाई बोलाउनुभएको थियो, त्यस बेला जस्तै, जब अर्खिपस भीड़ैभीड़ मानिसहरूका पाउमनि लड़े, र प्रभु तिनको नजिक आउनुभएको थियो। तर उहाँले माग्नुभएको मूल्यचाहिँ चुकाउन अति गाह्रो थियो, अनि ओनेसिमसले आफ्नो ठूलो इन्कार घोषणा गरेको थियो। अब उसले आफ्ना श्रीसम्पत्ति जोखेर हेरोस्, र केवल तिनैको निम्ति जिउन ऊ छोड़ियोस्; किनकि ऊसँग भएका सबै थोक ती नै थिए।

उसले सिक्काहरूको आफ्नो थैली झिक्यो र उता गएर आफ्नी आमामाथि आँखा लगायो। तिनी निदाइरहेकी, छिटो-छिटो सास फेरिरहेकी र अत्यासमा उथलपुथल भइरहेकी थिइन्। उसले बिस्तारै तिनलाई हल्लायो, र तिनी एकै झट्कोमा बिउँझिन्।

'आमा,' तल तिनकै छेउमा बसेर उसले भन्न लाग्यो; 'के तपाईं त्यो रात सम्झनुहुन्छ, जुन रात हामी घाम अस्ताउँदा ढोकाको सामु बस्यौं र तपाईंले मलाई मेरा बुवाको बारेमा सबै कुरा बताउनुभयो ?'

तिनले आफ्नो पहेंलो अनुहार ऊतिर उठाइन्, र त्रासको सानो झस्को त्यसमाथि छायो, तर तिनले शान्तसँग जवाफ दिइन्: 'म सम्झन्छु, मेरो छोरा।'

'आमा, तपाईंले मलाई अरू के-के बताउनुभयो, के तपाईंलाई त्यसको सम्झना छ ?'

'हो, मलाई सम्झना छ,' तिनी थरर काँपिन् र ख्वाँङ-ख्वाँङ खोक्न लागिन्।

'आमा, म सिक्काहरूको त्यो सानो कन्तुर हेर्न चाहन्छु। म ती गन्न चाहन्छु। अब समय छोटो हुन गएको छ, र मैले मेरो के हो, सो जान्नैपर्छ।'

उसले कहिल्यै सोचेको थिएन रहेछ, यसैले तिनले उसलाई भन्नु नै पऱ्यो। 'ती सिक्का तिम्रा थिएनन्, मेरा छोरा,' तिनले भनिन्; 'ती त मेरी मालिकनीका थिए। जब म ख्रीष्टकहाँ फर्कें, तब उहाँले मलाई चोरी नगर्नू र हरेक मानिसलाई उसका सरसमानहरू फिर्ता गरिदिने आज्ञा गर्नुभयो। यसकारण मैले ती फिर्ता गरिदिएँ। उहाँले मलाई ज्योतिमा हिँड्न बोलाउनुभयो, तब म कसरी उहाँको आज्ञा नमानी बस्न सक्थें र ?'

ओनेसिमसले आफ्ना मुट्ठीहरू कस्यो। ऊ एक्लै भयो, त्यागिएको। उनीहरू सबैजना यी येशूकहाँ गएका थिए, र आफ्नी आमाले समेत उसलाई धोका दिएकी थिइन्। आफ्नो झोंकमा उसले अँध्यारोमा प्वाक्क तिनलाई हान्यो। घिटिक्क भएर तिनी पछाडि पछारिन् र फेरि खोक्न थालिन् – कस्तो डरलाग्दो ख्वाङ-ख्वाङ सासै फुल्ने खोकी। पूर्णतः आतङ्कित र नमीठोसँग लज्जित बन्दै उसले सलेदो बाल्यो, तिनलाई पानी ल्याइदियो र तिनलाई उठेर बस्न सघायो। उसले यति गरेपछि उसले देख्यो, तिनका तकिया र गाउन रगतले छताछुल्ला भएका थिए।

# १५

भोलिपल्ट बिहान ओनेसिमस माथि घरमा गयो र उसकी आमा बिरामी छिन् र उठ्न नसक्ने साह्है कमजोर छिन् भनी अप्फियालाई बताइदियो। अप्फियाले अचम्म मानिनन्; किनकि उनकी प्यारी दासी मर्न लागेकी थिइन् भन्ने उनलाई अघिदेखि नै थाहा थियो।

निरिस्सा फेरि आफ्नो ओछ्यानबाट उठिनन्। कटरो सानो र गुम्म हावाविहीन थियो। अनि अप्फियाले उनलाई आफ्नै चिसो घरमा बोकेर ल्याउन र आफ्नै हातले त्यहाँ तिनको स्याहार-सुसार गर्ने इच्छा गरिन्। तर निरिस्साले आफ्नो छोरालाई छोड़िजान मानिनन्। यसकारण अप्फिया दिनमा दुई-तीन पटक तिनीकहाँ पुग्थिन्, अनि कोमल भावले सेवा-सुरसुरा गर्थिन्। अनि ओनेसिमस जब कामबाट घर फर्कन्थ्यो, तब उसले उनीहरूले प्राय: सँग कुरा गरिरहेका भेट्टाउँथ्यो। अनि उनीहरू कुनै रमणीय तीर्थ-यात्रा गर्ने, उनीहरूको सुन्दर गन्तव्यमा पुग्ने र उनीहरूलाई पर्खिबसेका आफ्ना प्रेमीकहाँ बाटो लाग्न तयार भएका तीर्थ-यात्रीहरूझैं बातचित गर्दथे।

दु:ख र आत्मग्लानिको पीड़ामा छटपटिँदै ओनेसिमस आफ्ना कर्तव्यहरूमा लाग्थ्यो, अनि रातमा ऊ आफ्नी आमाको छेउमा अबेरसम्म बस्थ्यो, र तिनलाई आफै सम्हाल्थ्यो। उसले तिनलाई हानेको मुक्काको कुरा दुवैजनाले कहिल्यै उठाएनन्; तर एक साँझ जब ऊ तिनका ताता

रन्केका हातहरूमा मूलको शीतल पानी खन्याइरहेको थियो, तब उसको मनको पीर यति ज्यादै भयो कि त्यो खप्न नसकेर उसले शब्दहरूविना नै तिनीलाई पुकार्‍यो; अनि तिनले त्यो भाँडो एकातिर पन्छाइन् र उसका हातहरू तिनका दुवै हातहरूमा राखिन्।

'शोकित नहोऊ, मेरो छोरा,' तिनले भनिन्; 'मलाई थाहा छ, तिमीलाई कस्तो लाग्यो, र तिम्रो दासताको बोझ अति गह्रौं छ; अनि जब ख्रीष्टले तिमीलाई फेला पार्नुहुन्छ, तब मैले किन यसो गरेकी तिमी पनि जान्दछौ। मलाई यस्तो साह्रो बिमारी पारेको तिमीले मलाई लगाएको मुक्काले होइन, तर म त लामो समयदेखि बिरामी छु; अनि म चाँड़ै येशूमा सुत्नुपर्छ भन्ने मलाई थाहा भएको छ। अनि ओहो, मेरो छोरा, म तिमीलाई सदाको निम्ति बिदा गर्नुपर्ला – यस कुरादेखि म यति साह्रो नडराएकी भए त म प्रभुकहाँ जानलाई कति आनन्दित हुनेथिएँ।'

ऊ तिनीसँग एउटा सानो बालकझैं रुँदै टाँस्यो। तिनी मर्न लागेकी थिइन् भन्ने कुरा उसले अहिलेसम्म बुझेको थिएन।

'आमा, के तपाईं मलाई क्षमा गर्नुहुन्छ?'

'शान्ति, मेरो छोरा! मेरो जीवन त अघिदेखि नै ख्रीष्टमा सुरक्षित छ, र म घर जाँदैछु; तर आफ्नो जीवनभन्दा तिमी नै मेरो निम्ति बहुमूल्य छौ, अनि तिमी त्यस घरमा आउँदैनौ भने म कसरी आनन्द मनाउँला?'

धपेड़ीले तिनी फेरि पछारेर ढलिन् र छिट्टै बढ़ी ज्वरोमा थला पर्दै सुतिन्। तर ऊ तिनको छेउमा निक्कै बेरसम्म विलाप गर्दै, शङ्कामा डुब्दै र डराउँदै पल्टिरह्‍यो। तिनको प्रेममा उसको मुक्काले कुनै असर गरेको रहेनछ; वास्तवमै उसलाई तिनले यसको सम्झना नगरेकी झैं लाग्दैथ्यो। मानवीय प्रेम त यति दबाउन नसकिने र चोटकै मतलब नराख्ने हुन्छ भने झन् त्यस स्वर्गीय प्रेमको विषयमा चाहिँ नि? शायद उसले कल्पना गरेजस्तै त्यति सजिलैसित उसले यस प्रेमलाई हटाउन सक्नेथिएन।

तिनको अन्त्य चाँड़ै आइलाग्यो। मन्द गृष्मको झरी बर्सिरहेको थियो, अनि झिसमिसे हुनुभन्दा ठीक अगाड़ि तिनी अचानक बिउँझिन्।

'त्यो केको आवाज हो?' तिनले सोधिन्।

'पानीको,' ओनेसिमसले जवाफ दियो; 'खर त भित्रै छ; यो कति राम्रै कुरा हो।'

'मलाई लाग्यो, यो त मलाई भेट्नलाई दौडिरहेका पदचापहरूको आवाज हो,' तिनले भनिन्; 'प्रवेश–द्वार खुला छ, र स्टिफनसले देखेका व्यक्ति को हुनुहुन्थ्यो, सो मलाई अहिले थाहा भयो। तर फर्केर मैले पछाडि हेरें, अनि मैले बोटोमा तिमीले मेरो पछि–पछि मलाई पछ्याइरहेको देखें; यसैले म अब शान्तिसित त्यहाँ प्रवेश गर्न सक्छु; अनि तिमी, हे मेरो छोरा ...।'

एउटा डरलाग्दो थरथराउने खोकीले तिनको कुरा काट्यो। त्यसपछि तिनी चलहल नगरीकन पल्टिरहिन्। ओनेसिमस पहेंलो, प्रथम उज्यालोमा तिनको अनुहार नदेखुन्जेलसम्म तिनकै छेउमा बस्यो। त्यसपछि के भएको रहेछ, उसले थाहा पायो; अनि ऊ अप्फियालाई उठाउन कुद्यो।

उनीहरूले तिनलाई सेतो वस्त्र पहिराए र तिनलाई ख्रीष्टियानहरूको नयाँ रीतिबमोजिम अन्तिम संस्कार गरे। कसैले पनि ठूलो शोक गरेन; किनकि छिट्टै उनीहरूले तिनलाई फेरि भेट्नेछन् र उनीहरूले गाइरहेका भजनहरू त्यस महिमा र विश्रामको स्तुतिले भरपूर थिए, जो उनीहरू सबैजना छिट्टै सहभागी हुन लागेका थिए। ओनेसिमस एक्लै खोचका पखेराहरूमा आफ्नो हृदयको पीरमा सुँक्क–सुँक्क रोयो र मर्ने इच्छा गर्‍यो, तर ऊ मर्नुदेखि डराउँथ्यो।

तर उसले संसारका मानिसहरूप्रति ढुङ्गे मुद्रा देखायो। अनि अर्खिपसलाई उसले तिनीसित गरेको कुव्यवहार देखाएर र उसको दयालाई टाढ़ा राखेर खप्नै नसक्ने गरी चोट दिएको थियो। ओनेसिमसका आँखाहरूमा देखा परेको पीड़ा र उसको मुहारको फुङ्ग उड़ेको फुस्रोपना मात्रै उसले छोपेर छोप्न सकिँदैनथ्यो। एकदिन आफ्नो सुत्ने कोठामा अप्फिया र फिलेमोनले यस विषयमा कुरा गरे। 'बिचरा त्यो केटा,' अप्फियाले भनिन्; 'मलाई उसको अवस्थादेखि डर पो लाग्दैछ। ऊ फेरि कहिल्यै हाँस्दैन झैं पो देखिन्छ।'

'मलाई थाहा छ,' फिलेमोनले जवाफ दिए; 'हामीले ख्रीष्टमा पाएको सान्त्वना ऊ स्वीकार गर्दैन, तर कुनै हेरफेरले उसलाई राम्रो गर्ला। ऊन कत्रने काम समाप्त भएको छ, र दुई दिनपछि म ग्लाउकसलाई ऊनको अन्मिन भारीसँगै लओडिसियामा पठाउँदैछु। उसले पैसा लिएर

फर्कनुपर्छ र एउटा विश्वासयोग्य रक्षक केटा चाहिनेछ। त्यो केटा ऊसँगै जान सक्छ।'

कुनै चासो नदेखाईकन ओनेसिमसले यो खबर ग्रहण गर्‍यो, तर उसको मन भने अलिक फुरुङ्ग भयो। उसले यदि आइरीन्लाई भेट्न र उसकी आमाको विषयमा तिनलाई बताउन पायो भने उसको विचारमा, उसले केही सान्त्वना पाउनेथियो होला। उसले तिनलाई भेट्ने सम्भावना एकदम कम थियो; किनकि गोदामचाहिँ शहरको बीच भागमा थियो, तर तिनको घरचाहिँ बाहिरी फेरामा, अनि ग्लाउकसले उसमाथि चनाखो दृष्टि लगाउनेथियो, यसको कुनै सन्देह थिएन। तर पनि ऊ जवान र आशावादी थियो; अनि कुनै कुरा असम्भव थिएन।

त्यस महान् दिनमा प्रभातको झिसमिसे अघि नै खूब होश राख्दै ओनेसिमसले लुगा लगाएर उठिसकेको थियो; अनि आँखा चिमचिम गर्दै र गनगन गर्दै ग्लाउकस देखा पर्नु अघि नै उसले पशु लादिसकेको थियो। ग्लाउकस घोड़ाको पछि-पछि हाँसझैं भ्यात्ल्याक-भ्यात्ल्याक गरी हिँड्यो र ओनेसिमस तल बेंसीतिरको बाटो पहिल्याउँदै अघि-अघि लम्क्यो। आज अनौठो आलसतालस पार्ने गर्मी याम थियो, अनि पीपलका रूखहरूतिर चराहरू एउटै पनि चिर्बिराएनन्। तातो बाफ खेतबारीहरूबाट उठिरहेको थियो, र कुहिरोहरू पहाड़हरूमा तल-तल बसेका थिए। चट्याङको गड़गड़ाहट बेंसी-वारिपारि गुँजियो।

'हामीसँग ईश्वरहरू पक्कै क्रोधित भएका हुनुपर्छ,' ओनेसिमसको उद्गार निस्कियो; 'मलाई लाग्छ, घर फर्किने बेलासम्म त साँच्चै नै ढर्कने गरी बर्सिनेछ।'

उसले यो कुरा केवल ग्लाउकसलाई झोंक चलाउन नै भनेको थियो, जसलाई आफ्नै ख्रीष्टिय ईश्वरलाई रिस उठाइराखेको अपवित्र डर लाग्दैथियो। अधिकारीको अनुहारमा छाएको खल्लो संत्रास हेर्दै ऊ मक्ख पर्‍यो। ग्लाउकस बूढ़ो र मोटो थियो, र भिज्न चाहँदैनथ्यो। तर ओनेसिमसले जे भने पनि ग्लाउकसले उसलाई हप्काउन कहिल्यै साहस गर्दैनथ्यो; किनकि त्यस दिनदेखि आजसम्म हरेकले एक-अर्कोको विषयमा कुरा गुप्त गरेको थियो।

शहर–बाहिर तिनीहरूले हतार–हतार खाना खान भनी एकैछिन आराम गरे; किनभने मौषम झन् अनौठो हुँदै गइरहेको थियो। आकाश कुनै डरलाग्दो बिग्रेको सूर्यास्तमा जस्तै फिक्का रातो थियो, तर भर्खर मध्यदिन मात्रै भएको थियो। सड़कहरू प्राय: खाली नै थिए; किनकि शहरमा हावा क्रूर थियो अनि प्राय:जसो मानिसहरू आ–आफ्ना घरभित्र दिउँसोको सुकलामा थिए। ग्लाउकस स्वाँ–स्वाँ गर्दै, असिनपसिन हुँदै र आकाशतिर पुलुक्क हेर्दै साँच्चै साह्रै बेखुशी थियो।

'जाऊ र आराम गर, अधिकारीज्यू,' ओनेसिमसले भन्यो; 'मालिक पोलेमोनसँग तिम्रो आफ्नो काम गर, त्यसपछि गोदामको चोकमा भारी ओछ्याऊ र सुत! म एक घण्टाजति शहर यताउता घुम्छु र रात पर्नु अघि नै घर पुग्न म बेलैमा फर्केर आउँछु। साँझहरू लामा र उज्याला छन्, अनि हतार गर्नु खाँचो छैन।'

'आजको साँझ अरू साँझहरूजस्तो हुनेछैन,' आत्तिँदै बूढ़ो मान्छेले भन्यो; 'हुँदैन, हुँदैन, मेरो साथमै बस, जवान ठिटो! जति सक्दो छिटो हामी घर फर्कौं। यो बिमारी, कचमच पार्ने मौषम हो, र मलाई आँधीदेखि डर लाग्दैछ।'

तिनीहरू ठिक्क समयमा गोदाममा पुगे; किनकि पोलेमोन खाना खान घर हिँड्नै आँटेका थिए। उनले अलिक हेला गर्दै उनीहरूलाई अभिवादन गरे; किनभने ख्रीष्टियान फिलेमोनसँग सम्बन्धित जो कोही पनि अलिक मूर्ख हुनुपर्छ भनी उनी ठान्थे। तर पैसाको मामिलामा ग्लाउकस कहाँ मूर्ख थियो र? अनि उसले ऊन जोख्दा र भुक्तानी हिसाब गर्दा चनाखो भएर हेर्‍यो, साथै पैसा गन्यो र फेरि दोहोर्‍याएर गन्यो। तर अन्तमा उनीहरू सबैजना बाहिर सड़कमा निस्केका थिए र झुकेर एक–अर्कालाई बिदाइ गर्दैथिए – ग्लाउकस हिँड़िहाल्न आतुर भएको र ओनेसिमस बस्नलाई कुनै बहाना खोज्नमा व्याकुल भएको।

अनि त्यति बेला हो, उनीहरूले पहिलो कम्प महसुस गरे। यो त एउटा सानो कम्प मात्र थियो, तर यसको मतलब के हो भन्ने उनीहरू सबैलाई थाहा भयो। लुकस बेंसीमा भूकम्पहरू जानु सामान्य नै थियो। डरले धुस्रो–फुस्रो अनुहार लिएका मानिसहरू अघि नै घरका ढोकाहरू–बाहिर ओइरिइरहेका थिए र घर–घरभित्र आ–आफ्ना नानीहरूको निम्ति

चिच्च्याइरहेका आइमाई–हरूका स्वरहरू सुनिए। सबै ओठहरूबाट एउटै चीत्काररूपी सन्देश थियो: 'छिट्टै खुला ठाउँहरूतिर जाऔं, बजारतिर जाऔं! घरहरूबाट पर हट!'

ग्लाउकस भाग्यो। यो गजब थियो, यस्तो बूढ़ो र मोटो मान्छे कसरी यति छिटो दौड्न सक्यो। ओनेसिमसले घोड़ाको लगाम च्याप्प समात्यो र हिनहिनाउँदै गरेको घोड़ालाई बजारको केन्द्रतिर तानेर लग्यो। अलमल्लमा र छटपटीमा परेका पोलेमोन हिचकिचाउँदै उभिए।

अनि त्यसपछि दोस्रो झन् कड़ा कम्प गयो। विशाल घरहरू थरर हल्लिए र आफै–आफ सोझिए, तर साना दुई–तीन घरहरू तासका रासझैं गल्र्याम्म लड़े। पोलेमोन पछि–पछि आउँदै थिए कि थिएनन् भनेर हेर्न ओनेसिमस फरक्क फर्क्यो र उनलाई फेरि गोदाममा हुत्तिएर 'मेरो सुन, मेरो सुन! हे ईश्वर, मेरो सुन बचाइदेऊ!' भनी एउटा भूत लागेको मानिसझैं चिच्च्याइरहेका थिए।

त्यसपछि गयो तेस्रो, अन्तिम शक्तिशाली कम्पको धक्का, र बजार क्षेत्रका भाग्नेहरूको वरिपरि पूरै शहर भत्केर ध्वस्त भयो। गोदाम त अचानक गायब भयो र त्यसको ठाउँमा ढुङ्गा र ईँटाहरूको विशाल रास मात्र खड़ा भयो। ढलेका ढुङ्गा र बलुवामनि परिरहेका मृतक मालिक पोलेमोनले आफ्ना हातहरूले आफ्नो सुन च्याप्प समातिरहेको सम्झना गर्दा त ओनेसिमसलाई जिरिङ्ग भयो। तर उसले न पोलेमोनको न बजारको बीचमा घिटि–घिटि भइरहेको र थरर्र कामिरहेको ग्लाउकसको न आफ्नो सुरक्षा को चासो लिन्थ्यो। शहरको बीचमा भएका ती घरहरूका तुलनामा शहरको छेउमा ठूला घरहरू कम क्षतिग्रस्त थिए; यसैले शायद तिनी सुरक्षित थिइन्। तर तिनी चाहे जमिनमाथि बाँचेकी होऊन् कि भत्केको रासमनि होऊन्, ऊ एकै सासमा तिनीकहाँ नपुगी हुँदैन। उसले आफ्नो जीवन केही मूल्यको ठानेन; वास्तवमा तिनको खातिर आफ्नो जीवन सुम्पिएको कल्पना गर्दा उसको मुटु छिटो–छिटो धड्कन थाल्यो। एउटा खाँबामा उसले घोड़ाको लगाम सुत्त लगायो र हिरापोलिसको प्रवेश–द्वारतिर हुँइक्यायो।

उसलाई बाटो राम्रै थाहा थियो; किनकि कल्पनामा ऊ बारम्बार त्यसमा लरखराउँथ्यो, तर यस्तो भए पनि अघि बढ्न कठीन थियो।

सम्पूर्ण सड़कहरू बन्द भएका थिए र मानिसहरू भग्नावशेषमाथि घोप्टो परेर आफ्ना हातहरूले कोपर्दै रोइरहेका र ईश्वरको पुकारा गरिरहेका थिए। ठाउँ–ठाउँमा ठूला–ठूला खाँबाहरू अस्थिर पाराले लर्किरहेका थिए, र शहरबाट हूलका हूल मानिसहरू चउरहरू र डाँड़ाहरूमा शरण लिन प्रवेश–द्वारहरूतर्फ ओइरिरहेका थिए।

ढुङ्गा, इँटा, सिमेन्ट, लिपन र धूलोका रास–रासमाथि अनि सङ्गमर्मरका विशाल–विशाल छपनीहरूमाथि चढ़ेर वाल्ल परेका पुरुष–स्त्रीहरू र रोइरहेका केटाकेटीहरूका भीड़हरूको बीचबाट ओनेसिमस डाँड़ामाथिको त्यस घरतिर बाटो लिन संघर्ष गर्‍यो। केही परबाट उसले छाना भित्र खसेको, तर गाराहरू अझै खड़ा भएका देख्न सक्यो। ऊ हतारिँदै मूल–ढोकाबाट आँगनमा पस्यो, अनि तिनी सोझै दौड्दै उसकहाँ आइन् र ऊसँग टाँसिन्।

'मेरा बुवा! मेरा बुवा!' तिनी रोइन्; 'उहाँ कहाँ हुनुहुन्छ? के तिमीले उहाँलाई देखेका छौ? अनि के उहाँ सकुशल हुनुहुन्छ?'

उसले तल तिनको डरले धुस्रो भएको अनुहारमा हेर्‍यो। सिमेन्ट र लिपनले तिनको केश र वस्त्र अझै सेतै थिए, र तिनको निधारमा सुनिइरहेको एउटा ठूलो नील–डाम थियो। तब उसले तिनलाई तत्कालै सत्यता बताइहाल्न सकेन।

'के गोदाम ढलेको छ?'

'मलाई लाग्छ, शहरको बीच भागका प्रायः सबै घरहरू ढले।'

तिनले डाँको छोड़िन् र आफ्ना हातहरूले आफ्नो अनुहार छोपिन्।

'आइरीन् मैयाँ, अझै अर्को कम्प पनि जाला। हूलका हूल मानिसहरू शहरका मूल–ढोकाहरूतिर हुत्तिइरहेका छन्। हामी गइहाल्नु नै कल्याण छ। तिमी चाहन्छ्यौ भने म तिमीलाई मसँग कलस्सेमा लैजानेछु, र अप्फिया मालिकनी साहेबले तिम्रो हेरचाह गर्नुहुनेछ।'

तिनले अस्वीकार गर्दै आफ्नो टाउको हल्लाइन्।

'नाई, नाई,' तिनी चिच्च्याइन्; 'मेरा बुवा अझै आउन सक्नुहुन्छ, र मैले उहाँलाई पर्खनैपर्छ। तिनीहरूले भग्नावशेषमा खन्नेछन् र मृत होऊन् वा जीवित, मैले उहाँलाई फेरि हेर्नैपर्छ।'

'तर तिमी शहरका मूल-ढोकाहरू-बाहिर पर्खेर नबसी हुँदैन। तिम्रो सुसारे कहाँ छिन्?'

'बिगत वर्षमा मेरो कोही सुसारे छैन। कमाराहरू सबै छिटो-छिटो भागे। मलाई युफ्रोनको कटेरामा लैजाऊ, ओनेसिमस! ऊ मेरो बुवाको भेड़ा गोठालो हो, अनि उसकी पत्नीले मलाई आफ्नो घरमा ग्रहण गर्नेछिन्। मेरा अरू कोही पनि छैन।'

तिनको आत्मसंयम तिनमा फर्किरहेको थियो र ऊसँग टाँसिबस्न तिनले छोड़ेकी थिइन्। तिनको खजमजिएको अवस्थामा पनि तिनी एकली पारिएकी सानी रानीझैं उभिइन्, जो इज्जतपूर्वक आफ्नो भाग्य, आफ्नो भावीसँग जुध्न तयार थिइन्। उसको हृदय तिनलाई अँगालो हालेर तिनलाई सान्त्वना दिन इच्छा ग्रस्त थियो, तर उसले तिनको अप्ठ्यारो परिस्थितिबाट फाइदा उठाउने आँट गरेन। उसको दासता अघि कहिल्यै अजयी बाधक भएजस्तो देखिएको थिएन।

'आऊ, आइरीन्,' तिनका हातहरू लिँदै उसले नरमसँग भन्यो; किनभने तिनका आँखाहरू अझै शहरतिरको क्षतविक्षत सड़कहरूमा अड़िरहेका थिए, र तिनी अलमलिइरहिन्। 'तत्कालै हामी जानुपर्छ। म तिमीलाई तिम्रो गोठालो र उसकी पत्नीकहाँ लैजानेछु र तिमीलाई त्यहाँ सुरक्षित राख्नेछु। तर ढिलो गर्ने समय छैन। अझ एक कम्पमा प्रवेश-द्वार ढल्छ होला।'

तिनी तुरुन्तै साथमा आइहालिन्, अनि भीड़हरूको बीचबाट तिनलाई तान्दै उसले तिनलाई सड़कहुँदो डोर्‍यायो। प्राय:जसो मानिसहरू हिरापोलिस वा कलस्सेतिर हानिरहेका थिए र तिनीहरूमध्ये जो यात्रा गर्न साह्है लखतरान वा घाइते भएका थिए, तिनीहरू खोलाकै छेउमा बास बस्न कोशिश गरिरहेका थिए। युफ्रोनको चित्रे टहरो बाटोदेखि पर एकलास ठाउँमा, रूखहरूको एउटा सानो झाड़ीमा थियो। त्यो जङ्गली फूलहरू फुलेका चउरहरूले घेरिएको थियो, जहाँ भेड़ाहरू चर्दथे; यो एउटा शान्त ठाउँ थियो। कम्पका झट्काहरूले लुप्त बेंसीलाई अलिकति मात्र हल्लाएका थिए, तर युफ्रोन र उसकी पत्नी एन्टोनिया अघिबाटै शहरतिरको उकालो चढ़िरहेका थिए; अनि उनीहरूलाई देखेर आइरीन् ओनेसिमसको हात छोड़िन् र सीधै बूढ़ी आइमाईकहाँ दौड़ेर उसको अँगालोमा रुन थालिन्।

'मेरा बुवा!' भन्दै तिनी घुँक्क-घुँक्क गरिन्; 'गोदम ढलेको छ, र मलाई लाग्छ, उहाँ मर्नुभयो।'

'त्यसो भए तपाईं मसँगै आउनुहोस्, सानी मायाँ! त्यस दिनसम्म हाम्रो छोरी हुनुहोस्! जबसम्म हामीले तपाईंलाई आफ्नो पैतृक-सम्पत्ति फिर्ता गराउनेछैनौं। हेर्नुहोस्, म तपाईंलाई हाम्रै घरमा लैजानेछु। त्यहाँ तपाईं आराम गर्न सक्नुहुन्छ; अनि हे युफ्रोन, तपाईं शहरमा जानुहोस्, र मालिक पोलेमोनको हालखबर के हो, सो तलाश गर्नुहोस्! अनि जहाँ-जहाँ तपाईं घरविहीन अथवा स-साना अनाथहरू भेट्टाउनुहुन्छ, तिनीहरूलाई यहाँ ल्याउनुहोस्, अनि हामी ख्रीष्ट येशूको खातिर तिनीहरूलाई यहाँ बसोबास दिनेछौं।'

ऊ फर्केर आइरीन्लाई त्यस टहरोतिर डोऱ्याई। यो सफा, शीतल र खरले छाइएको थियो। अनि एन्टोनियाले तिनलाई एउटा परालको चकटीमा राखिन् र तिनलाई दूध ल्याएर तिनको चोट धोइरही र एउटा हराएको सानो नानीलाई झैं सान्त्वना दिएर तिनलाई थपथपाई। त्यसपछि जब यस बूढ़ी स्त्रीले फर्केर हेरी, तब घरको ढोकाको सामु अल्याङ-टल्याङ गरिरहेको ओनेसिमसलाई ख्याल गरी। प्रश्न गरेझैं एन्टोनियाले आइरीन्तिर हेरी, र त्यसो गर्दा उसले तकियामा आफ्नो औंलाले एउटा सङ्केत-चिन्ह कोरी, अनि आइरीन्ले चालै नपाइने गरी इन्कार गर्ने हिसाबले आफ्नो टाउको हल्लाइन्।

'भित्र आऊ, बाबु,' एन्टोनियाले दयालु स्वरमा भनी; 'बस र एकैछिन आराम गर, अनि विध्वंसको बारेमा हामीलाई अरू बताऊ! तिमी आफै पनि डरले फुस्रो र काँपिरहेको देखिन्छौ। के तिमी लओडिसियाका बासिन्दा हौ? अनि के तिम्रो घर ढलेको छ?'

ओनेसिमस ढोकाको सामु बस्यो र उसले थाहा पाए जति सबै कुरा उनीहरूलाई बताइदियो, तर आफ्नो सुन झिक्ने कोशिश गर्दै-गर्दा पोलेमोन मरेका थिए भन्ने कुरा बताएन। यो कुरा उनीहरूलाई बताइदिने उसको मन थिएन; छिट्टै यो कुरा प्रकाशमा आउनेथियो।

अनि अब के त? त्यहाँ बसिरहने के काम थियो। आइरीन् सुरक्षित थिइन्, अनि युफ्रोन छिट्टै एक हूल क्याउँ-क्याउँ गरिरहेका टुहुराटुहुरी र

अनाथहरूको साथमा फर्कनेथिए। ताजा पानी लिन एन्टोनिया उठेर इनारमा गएकी थिई, अनि ऊ र आइरीन् एक्लै थिए।

'अँ त, म जान्छु ल,' भन्दै ऊ उठ्यो। अनि तिनी पल्टेको चकटीतिर गएर उसले तिनलाई आफ्नो हात दियो र पुरानो अभिवादनको शब्दमा भन्यो: 'बिदा, सानी आइरीन् मैयाँ, हामी फेरि भेट्नेछौं।'

अकमक्क तिनी माथि हेरिन् र तिनका सेता गालाहरूमा एउटा फिक्का लालीको रङ्ग चढ्यो। ऊ तिनीकहाँ आएको थियो र आँधीको छालको बीचमा एउटा चट्टानझैं तिनको छेउमा खड़ा भएको थियो; अनि तिनले अचानक महसुस गरिन् – जब छत तिनीमाथि चकनाचुर भएर खस्यो, अनि तिनी एक्लै बाहिर बगैंचातिर भागेकी थिइन् र आफूलाई त्यागिएको पाएकी थिइन्, तब तिनलाई ऊ आउनेछ भन्ने ज्ञात भएको थियो। अनि उसलाई भेट्टाएर तिनी सुरक्षित थिइन् भन्ने सुद्धी भएको थियो। ऊ सधैंभरि बसोस् भन्ने तिनी चाहन्थिन्, तर तिनी अहिले चौध वर्षकी मात्र थिइन् र त्यसो भनिहाल्नु नसुहाउँदो हुन्थ्यो।

यसकारण तिनले उसको हात तिनका दुवै हातहरूमा राखिन् र भनिन्: 'धन्यवाद, ओनेसिमस, ... मलाई ... तिमी आउँछौ भन्ने मलाई थाहा थियो; .. अनि ... हामी फेरि भेट्नेछौं।'

उसले तिनको हात छोड्यो, अनि साँझको प्रथम पहरमा ठेस खाँदै र लरबराउँदै अघि बढ्यो; उसको रगत उर्लिरहेको थियो, र उसका आँखाहरू दुखिरहेका थिए; अनि उसको हृदयभित्र एउटा सामर्थी अठोट बढ्दै आएको थियो। ल हेर, ऊ आउनेथियो भन्ने तिनलाई थाहा थियो। तिनले उसलाई बिर्सेकी रहिनछिन्। तिनको आतङ्क र मृत्युको त्रासमा तिनले उसलाई सम्झेकी थिइन् र ऊ आउनेथियो भनेर जानेकी थिइन्। अब कुनै कुरा पनि उसको मार्गमा बाधा दिएर खड़ा हुन सक्दैनथियो। आज राति ऊ गइहाल्नेथियो र एउटा स्वतन्त्र मानिस भएर लओडिसियाका प्रवेश-द्वारहरूबाट पसेर तिनलाई आफ्नी भनेर दाबी गर्न नसकेसम्म ऊ कहिल्यै फर्किनेथिएन।

ढुङ्गाहरू र भग्नावशेषहरूमा रक्ताम्य हातहरू लिएर यताउता तानिरहेका मायालाग्दा मानिसहरूका स-साना झुण्डहरू र उनीहरूका छेउमा हस्याङ्ग-फस्याङ्ग गर्दै खन्ने दासहरूबाहेक शहर अनौठो प्रकारले

शान्त थियो। तल्ला सड़कहरूमा त धारा र ढलहरूले भल चलेको थियो, अनि एउटा नमीठो ठुस्स गन्ध जहाँ पनि डुङडुङती गनाइरहेको थियो। ओनेसिमसले ग्लाउकस र घोड़ालाई अझै बजारको बीचमा उभिरहेको भेट्टायो; किनकि त्यो बूढ़ो मान्छे अघि बढ्न साह्रै डराइरहेको थियो। ऊ ओनेसिमससँग खूबै रिसाएको थियो, तर सदाझैं उसले त्यो कुरा देखाउने आँटै गरेन।

'आऊ, आऊ!' ग्लाउकस करायो; उसका दाँतहरू अझै कटकटाउँदैथिए, जसले गर्दा ऊ बलै बोल्न सक्थ्यो; 'हामी जरुर कलस्सेतिर बाटो लागौं! ढिलो भइसक्यो। हामी माथिल्लो फाँटमा पुग्नु अघि नै रातले हामीलाई छोपिहाल्नेछ। तिमी कहाँ गएका थियौ, ओनेसिमस?'

'म कहाँ गएको थिएँ, त्यसमा तिम्रो के सरोकार?' त्यस केटाले जवाफ दियो; 'घोड़ा चढ़ न, र जाऔं!' उसले उठाएर बूढ़ो मान्छेलाई काठीमा चढ़ायो र तर्सिएको घोड़ालाई दक्षिणी सिरियाको प्रवेश-द्वारतिर भग्नावशेषहरूमाथि डोऱ्यायो। तल राजमार्ग पुग्न तिनीहरू ओरालोमा आधा बाटोमा थिए; तब ओनेसिमसले अचानक लगाममा झट्का दियो र घोड़ालाई छेउमा भएका राइसल्लाहका रूखहरूको पछाड़ि तान्यो।

'ग्लाउकस,' अघि कहिल्यै प्रयोग नगरेको अधिकारपूर्ण स्वरमा ऊ बोल्यो; 'तिम्रो थैलीको त्यो जम्मै पैसा मलाई दिइहाल!'

बूढ़ो मान्छेका आँखाहरू उसको टाउकोबाट झण्डै उछिट्टिए र उसको अनुहार बदलिएर धुलाम्य धुस्रो-फुस्रो भयो।

'पैसा, ओनेसिमस? हाम्रा मालिकको पैसा? के तिमी बौलायौ?'

'होइन, म बौलाएको होइनँ, तर हतारमा मात्रै छु। ग्लाउकस त्यो पैसा मलाई थमाइहाल! तिमीले इन्कार गऱ्यौ भने हामी पुग्ने बित्तिकै म सोझै हाम्रा मालिककहाँ जानेछु र उहाँलाई मैले तिम्रो विषयमा जानेको सबै कुरा बताइदिनेछु। तिमीले मलाई सधैं हेला गरेका छौ; मबाट उन्मुक्त हुने तिम्रो मौका हो अहिले। एक्लै घर जाऊ र फिलेमोनलाई पोलेमोन, म र त्यो सुन गोदाममनि खतम भयौं भनिदेऊ!'

डराएको अधिकारीले यसो भन्दै अझ एकपल्ट उसलाई मनाउने प्रयास गऱ्यो: 'मसँग पनि गोप्य कुरा छ, ओनेसिमस। तिमी मेरो विषयमा

कुरा भन्छौ भने म तिम्रो विषयमा कुरा बताइहाल्नेछु नि। परमेश्वरको प्रेमको खातिर यो बकवाद यहीं बन्द गर र मलाई घर पुर्‍याऊ!'

'ग्लाउकस,' त्यस केटाले भन्यो; 'त्यो पैसा मलाई थमाइदिन्छौ, कि म तिमीसँग जबरजस्ती गरूँ? तिमीले मेरो विषयमा के भन्छौ, मलाई त्यसको परवाह छैन; किनकि मैले गुमाउनुपर्ने केही पनि छैन। ख्रीष्टियानहरूले डामेर चिन्ह लगाउँदैनन्, अनि लाठाहरूको कुरा गर्ने हो भने मैले आफू भर्खरको र कमजोर छँदै तिनको स्वाद पाइसकें, अनि अहिले नतर्सीकन म ती फेरि पनि खप्न सक्छु। मेरो इज्जत कायम राख्नको निम्ति एक छेस्को जतिकैसम्म पनि मलाई मतलब छैन। तर तिमी, हे ग्लाउकस, के कोही तुच्छ नोकरद्वारा तिमी चुटिँदा र तिम्रो पदवी तिमीबाट खोस्दा के तिमी खुशी हुन्छौ? अनि तिम्रो आरामदायी, सम्माननीय बूढ़ेसकालको विषयमा चाहिँ के छ नि? अनि मण्डलीमा तिम्रो आसनको विषयमा के विचार छ नि? दुई पल्ट सोच, ग्लाउकस!'

उसलाई अझ मनाइराख्नुपरेन। र्‍याल काढ्दै र थरथर काम्दै बूढ़ो मान्छेले सुनको पोका हुत्त भुइँमा फाल्यो र घोड़ाको टाउको फर्कायो। 'गइहाल्, चोर, बदमाश!' गाली दिँदै ऊ चिच्च्यायो; 'र तैंले कहिल्यै फर्केर आउन नपरोस्।'

'मेरो खोजी गर्नु व्यर्थ छ भनेर तिमीले तिनीहरूलाई कतिसम्म विश्वस्त तुल्याउन सक्छौ, कुरा त्यसमा भर पर्छ,' ओनेसिमसले जवाफ दियो। ऊ ओरालोहुँदो छट्कियो र कलस्सेतिर आफ्नो पिठ्यूँ फर्कायो। उसको सामु खुला राजमार्ग र फराकिलो संसारले उसलाई पर्खेका थिए।